नेपाल-जापान सम्बन्धमा नेपाली समाज... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ •अंक २८३ • २०८० साल फाल्गुन २७ गते आइतबार (10 March, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जसपाका मन्त्रीहरूको शपथ आज

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा)वाट मन्त्री बनेकाहरुको शपथ ग्रहण आइतवार हुने भएको छ। शनिबार बसेको माओवादी केन्द्रको संसदीय दलको बैठकमा पार्टी अध्यक्ष समेत रहेका

> जसपाले पार्टीबाट अध्यक्ष उपेन्द्र यादव र नवलकिशोर साहलाई मन्त्री तथा राज्य मन्त्रीमा दीपक कार्कीलाई पठाउने निर्णय गरेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आइतबार जनता समाजवादी पार्टी (जसपा) नेपालबाट मन्त्री बनेकाहरूको शपथ लिने र त्यसपछि सत्ता गठबन्धन दलहरूबिच छलफल गरेर फागुन ३० गते विश्वासको मत लिने तयारीबारे जानकारी गराएको बैठकमा सहभागी एक नेताले जानकारी दिए।

जसपाले पार्टीबाट अध्यक्ष उपेन्द्र यादव र नवलकिशोर साहलाई मन्त्री तथा राज्य मन्त्रीमा दीपक कार्कीलाई पठाउने निर्णय गरेको छ। अध्यक्ष यादवले उपप्रधान तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रीको शपथ लिनेछन्। साह वन तथा वातावरण मन्त्री बन्नेछन् भने कार्की स्वास्थ्य राज्यमन्त्रीको शपथ लिने पार्टीका प्रवक्ता मनिष सुमले जानकारी दिए।

गत फागुन २१ गते प्रधानमन्त्री प्रचण्डले नेपाली कांग्रेससँगको गठबन्धन तोडेर नेकपा एमाले लगायतका गठबन्धन बनाई मन्त्रिपरिषद् विस्तार गरेका थिए। कांग्रेसले प्रधानमन्त्रीका लागि आफूले दिएको समर्थन फिर्ता लिएपछि प्रचण्डले विश्वासको मत लिन लागेका छन्। संवैधानिक व्यवस्था अनुसार उनले ३० दिनभित्र विश्वासको मत लिइसक्नुपर्नेछ।

संसदीय दलको बैठकले फागुन २९ गते हुने राष्ट्रिय सभा अध्यक्षको निर्वाचनमा उपस्थित हुन राष्ट्रिय सभामा रहेका आफ्नो दलका सदस्यहरूलाई ह्वीप जारी गर्ने निर्णय गरेको छ। यस्तै प्रधानमन्त्रीले विश्वासको मत लिने कार्यक्रममा पनि विश्वासको मत लिनका लागि प्रतिनिधि सभा सदस्यहरूलाई ह्वीप जारी गर्ने निर्णय गरेको छ।

# नेपाल सबै नेपालीको देश बन्न सकेन : नेता महतो

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय मुक्ति क्रान्ति अभियानका अगुवा राजेन्द्र महतोले अहिलेसम्म नेपाल सबै नेपालीको देश बन्न नसकेको बताएका छन्।

जनकपुरधाममा शनिबार राष्ट्रिय मुक्ति क्रान्ति, मधेश ब्यूरोद्वारा आयोजित बहुल राष्ट्रिय राज्य स्थापनार्थ बृहत् संवादात्मक कार्यक्रममा बोल्दै पूर्वमन्त्रीसमेत रहेका नेता महतोले सबै नेपालीको देश बन्नका लागि बहुल राष्ट्रिय राज्यको रुपमा स्थापित हुनु आवश्यक रहेको बताए।

लोसपा नेपालका पूर्व वरिष्ठ नेता महतोले अहिलेको गठबन्धन पनि लुटतन्त्र मचाउनका लागि भएकाले नेपाली जनताले अहिलेको सरकारबाट केही प्राप्त गर्न नसक्ने दाबी गरे।

उनले गठबन्धन नेपाली जनताको अधिकार रक्षाका लागि नभइ कुर्सी बचाउनका लागि मात्रै भएकोले यो गठबन्धन पनि कुर्सीकै खेलका लागि निर्माण भएको बताए।

समान नेपालको सहकार्यमा भएको सो कार्यक्रममा उनले बहुल राष्ट्रिय राज्य नबनेसम्म नेपाल सम्पूर्ण नेपाली जनताको देश बन्न नसक्ने टिप्पणी गरे।

अभियानका नेता महतोले भने-'सबै नेपालीको देश बन्नका लागि बहुल राष्ट्रिय राज्यको रुपमा स्थापित हुनु आवश्यक छ।' उनले अघि थप्दैं भने- 'अहिले नेपाल एकल राज्यको रुपमा स्थापित छ, सबै राष्ट्रियता तथा सबै अधिकारवादी र पहिचानवादीहरुको देश बनाउनका लागि एकत्रित रुपमा आन्दोलन गर्नु अहिलेको आवश्यकता रहेको छ।'




उनले अब कुनै पनि लक्ष्य नरहेको बताउँदै बहुल राष्ट्र राज्य निर्माण एक मात्र उद्देश्य हुने र त्यसका लागि मिल्ने शक्तिहरु बीच सहकार्य भएर मात्र पार्टीको निर्माण हुने बताए। उनले अहिले बनेको गठबन्धन पनि पालै पालो लुट मचाउने समूह मात्र रहेको आरोप लगाए। १२ प्रतिशत खस शासक मिलेर पालै पालो ढुकुटी लुट्नका लागि वर्तमान गठबन्धन बन्ने, भत्किने र फेरि बनेको उनको भनाइ थियो।

उनले मधेश केन्द्रित दलहरुबीच एकताभन्दा पनि अधिकारवादी तथा पहिचानवादीहरु एकत्रित हुनु पर्ने आवश्यकता औल्याए।

कार्यक्रममा सहभागी भएका लोसपा नेपालका उपाध्यक्ष कौशलकुमार सिंहले अहिले राष्ट्रिय मुक्तिका लागि अभियान चलिरहेकाले आफू यस कार्यक्रममा सहभागी भएको दाबी गरे। उनले अहिले यो अभियान कुनै पनि पार्टी नभइसकेकाले आफूसमेत सहभागी भएको प्रस्ट्याए।

सो कार्यक्रममा बुद्धिछिरिंग तामांगले मधेशी, आदिवासी, जनजाति, थारु र दलित, पिछडिएका समुदायले कुर्सीको राजनीति गरे पनि वैचारिक राजनीतिक गर्न नसकेको भन्दै समस्या यथावत रहेकाले सत्ता भन्दा पनि क्रान्तिका लागि केही वर्ष खर्चिनु पर्ने उनले सुझाए।

उनले मधेशी, नेवार, तामांग, थारु, गुरुङ्ग, दलित, पिछडावर्गलगायत हरेक समुदाय एक भएर गोर्खाली शासनको अन्त्य गर्नुपर्ने बताए। उनले राजेन्द्र महतो अहिलेको क्रान्तिको अगुवाई गर्नुपर्ने बताए।

नेवार अगुवा सुमन श्यामीले मधेशी जस्तै काठमाण्डुको नेवारको पीडा मिल्दाजुल्दो रहेको भन्दै यस अभियानमा आफू पनि लागेको बताए। काठमाण्डुको मेयर भन्दा पनि मुक्तिको योद्धा हुन मन लागेकाले मुक्ति अभियानको आवश्यकता रहेको बताए।

युवा नेता केशव झाले कांग्रेस, एमाले र माओवादीबाट आएर मधेशी दलको नेतृत्व गरेका नेताहरुको अगुवाइमा मधेश र मधेशीको मुक्ति सम्भव नरहेको बताए। उनले मधेश र मधेशीको मुक्तिका लागि हरेक प्रदेशमा समेत पहलकदमी लिनुपर्ने बताए।

अभियानी राजीव झाले मधेशीको मुक्तिको लागि क्रान्तिको विकल्प नभएको बताए। उनले मधेशी, आदिवासी, जनजाति, महिला, दलित, पिछडावर्गलगायत सात वटै प्रदेशमा सबै समुदायको मुक्तिका लागि क्रान्ति अभियान चलाउनुपर्ने बताए।

बहुल राष्ट्रिय राज्य स्थापनार्थका लागि अहिलेको अभियानले नै मुक्ति सम्भव भएकाले यस अभियानमा सबै प्रदेशबाट जुट्नु पर्ने र अन्तिम धक्काको तयारीमा हामी लामबद्ध भएकोले क्रान्तिमा जुट्न नेता झाले आह्वान गरे।

अभियानी संजय सिंहको अध्यक्षतामा भएको बृहत् संवादात्मक कार्यक्रममा स्वतन्त्र मधेशको अभियानका संस्थापक कैलाश महतोलगायतकाहरुकोसमेत उपस्थिति रहेको थियो।

सो कार्यक्रममा अधिकांश लोसपा नेपालका स्थानीय नेता तथा कार्यकर्ताहरुको उल्लेख्य सहभागिता रहेको थियो।








सर्लाहीको हरिपुवर्ना नगरपालिकामा फोहर सङ्कलन गर्दै सरसफाइ कर्मचारी। जनप्रतिनिधि बीचको विवादका कारण ८ महिनादेखि तलब नपाएपछि काम थप्प गरी आन्दोलनमा रहेका कर्मचारीहरु तलब पाउने आश्वासन पाएपछि काममा फर्किएको हो। *तस्बिर : रासस*

# अष्ट्रेलियन पर्वतारोही एली पेपरले अक्सिजनबिना अन्नपूर्ण हिमाल चढ्ने

**टुडे समाचारदाता**

काठमाण्डु। अष्ट्रेलियन पर्वतारोही एली पेपरले अक्सिजनबिना अन्नपूर्ण हिमाल चढ्ने भएका छन्। अष्ट्रेलियन पर्वतारोही पेपरले शनिबार पत्रकार सम्मेलन गरी सन् २०२६ भित्र बिनाअक्सिजन विश्वका आठ हजार मिटर अग्ला १४ हिमाल आरोहण गर्ने लक्ष्य लिएको जानकारी दिए। उनले यही वसन्त ऋतुमा अन्नपूर्ण-१ चढ्न लागेको बताए।

"मेरो आफ्नै आरोहण शैलीका कारण मैले तोकेको समयमा लक्ष्य हासिल गर्ने कुरामा म विश्वस्त छु", पेपरले भने। उनले कपनको सेभेन समिट ट्रेक्समार्फत बिनाअक्सिजन अन्नपूर्ण हिमालको आरोहण गर्न लागेका हुन्। पेपरले सन् २००७ मा तिब्बतको माउन्ट चोयु हिमाल बिनाअक्सिजन आरोहण गरेका थिए।

पेपरले सन् २०२३ को जुलाई १५ मा ब्रोडपिक र सन् २०२३ को सेप्टेम्बर २८ मा मनास्लु हिमालको सफल आरोहण गरिसकेका छन्। ब्रोडपिक बिनाअक्सिजन सफल आरोहण गर्ने उहाँ पहिलो अष्ट्रेलियाली महिलासमेत छन्। विश्वमा हालसम्म छ जना आरोहीले मात्र बिनाअक्सिजन आठ हजार मिटरभन्दा अग्ला १४ हिमालको सफल आरोहण गरिसकेका छन्।

# उच्च शिक्षा पढ्ने विद्यार्थीलाई अनुदान



**टुडे समाचारदाता**

पर्वत। सरकारले माध्यमिक तहसम्मको पठनपाठन निःशुल्क उपलब्ध गराउँदै आएको छ। उच्च शिक्षा पढ्नका लागि भने विद्यार्थीले शुल्क भुक्तानी गर्नुपर्ने व्यवस्था छ। आर्थिकरुपमा सबल विद्यार्थीले शुल्क तिरेरै भए पनि गुणस्तरीय शिक्षा लिइरहेका छन्।

आर्थिकरुपमा विपन्न परिवारका विद्यार्थीले भने बीचैमा पढाई छाडेर बस्नुपर्ने वा विदेश पलायन हुने गरेको अवस्थालाई मध्यनजर गर्दै पर्वतको महाशिला गाउँपालिकाले उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई अनुदान उपलब्ध गराउन थालेको छ।

उच्च शिक्षामा राम्रो विषय लिएर पढ्ने विद्यार्थीको संख्या न्यून हुँदै जाँदा मुलुकमा मात्र हैन पालिकामा पनि आवश्यक दक्ष जनशक्तिको अभाव भएपछि अनुदान नै दिएर पढाउन थालिएको हो। दक्ष जनशक्तिको उत्पादनका लागि उच्च शिक्षासम्म पढ्न प्रोत्साहित गर्ने उद्देश्यले यो कार्यक्रम लागू गरिएको गाउँपालिका कार्यालयले जनाएको छ।

गाउँपालिकाले उच्च मावि र स्नातक वा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीलाई छुट्टाछुट्टै अनुदान दिने भएको हो। उच्च माविमा गणित, विज्ञान तथा स्टाफ नर्स अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहनस्वरुप वार्षिक रू ५० हजार उपलब्ध गराइने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरि पराजुलीले जानकारी दिए। उनका अनुसार यस वर्ष विपन्न तथा जेहेन्दार छ जना विद्यार्थीलाई उक्त अनुदान उपलब्ध गराइनेछ।

विपन्न तथा असहाय परिवारका विद्यार्थीलाई उच्च शिक्षामा सहज पहुँच पुर्‍याउनका लागि मेडिकल, इञ्जिनियरिङ, कृषि र भेटेरीनरी विषयमा स्नातक तह अध्ययन गरिरहेका वा अध्ययन गर्न इच्छुकलाई पनि अनुदान दिइने पराजुलीले बताए। "यस्ता विद्यार्थीलाई वार्षिक रू एक लाख अनुदान उपलब्ध गराइने छ।

> **आर्थिकरुपमा विपन्न परिवारका विद्यार्थीले भने बीचैमा पढाई छाडेर बस्नुपर्ने वा विदेश पलायन हुने गरेको अवस्थालाई मध्यनजर गर्दै पर्वतको महाशिला गाउँपालिकाले उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई अनुदान उपलब्ध गराउन थालेको छ।**

जतिसुकै संख्यामा भए पनि स्नातक तहका विद्यार्थीलाई अनुदान दिने छौँ", उनले भने।

आर्थिक अभावका कारण कोही पनि विद्यार्थी गुणस्तरीय शिक्षा लिनबाट वञ्चित नहोउन् भन्ने उद्देश्यले विद्यार्थी अनुदान कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताए। उनका अनुसार गाउँपालिकाले गत आइतबार सूचना जारी गरी १५ दिनभित्र इच्छुक विद्यार्थीलाई पालिकामा सम्पर्क गर्न आग्रह गरिसकेको छ। अहिले पनि गाउँपालिकामा कृषि, पशु, स्वास्थ्यसम्बन्धी जनशक्ति र गणित तथा विज्ञान पढाउने शिक्षकको अभाव रहेको भन्दै यी विषय अध्ययन गर्ने विद्यार्थीलाई वार्षिक रू एक एक लाखका दरले चार वर्षसम्म अनुदान दिइने अध्यक्ष भुसालले जानकारी दिए।

पालिकामा विज्ञान र गणित पढाउने शिक्षकको अभाव लामो समयदेखि खड्किँदै आएको भन्दै पटकपटक सूचना गर्दा पनि यी विषयका शिक्षक पदपूर्ति गर्न नसकिएको अध्यक्ष भुसालको भनाइ छ। "पालिकाभित्रबाट उच्च शिक्षा पढ्ने विद्यार्थीलाई चार वर्षसम्म सहयोग गर्नेछौँ। उक्त कार्यक्रम दक्ष जनशक्ति उत्पादन गर्न लागू गरिएको हो", उनले भने।

उक्त सुविधा लिने विद्यार्थीले पढाइ सकिएपछि न्यूनतम दुई वर्ष पालिकामा सेवा गर्नुपर्ने सर्त राखिएको गाउँपालिकाका अध्यक्ष भुसालले बताउनुभयो। यस्तो अनुदानले विद्यार्थीलाई मासिक शुल्क भुक्तानी र स्टेशनरी खरिद लगायतमा सहजता हुने अपेक्षा पालिकाको छ।

पछिल्ला केही वर्षयता गाउँपालिकाले शिक्षाको गुणस्तर वृद्धिलाई जोड दिँदै आएको छ। पालिकाका सबै सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यममा पनि पठनपाठन थालिएसँगै विद्यार्थीको संख्या बढ्दै गएको छ।

# थप एक सय ६८ 'राष्ट्रिय सहिद'मा सूचीकृत

**टुडे समाचारदाता**

काठमाण्डु। काभ्रेपलाञ्चोकका थप एक सय ६८ जनालाई 'राष्ट्रिय सहिद'मा सूचीकृत गरिएको छ। सरकारले राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न आन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिमा सहादत प्राप्त गरेका जिल्लाका थप एक सय ६८ जनालाई सहिदमा सूचीकृत गरेको हो।

गत पुस २४ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम सहिद घोषणा गरी राजपत्रमा सूचनासमेत प्रकाशन गरिएको छ। गृह मन्त्रालयले सशस्त्र सङ्घर्ष र क्रान्तिका क्रममा सहादत प्राप्त गर्ने सहिदहरूको नामावलीमा यसअघि काभ्रेपलाञ्चोकका एक सय ३५ लाई राष्ट्रिय सहिदमा सूचीकृत गरेको थियो।

तत्कालीन जनयुद्धलगायत विभिन्न मितिमा ज्यान गुमाएका काभ्रेपलाञ्चोकका २४ महिलासहितको उक्त सूची राष्ट्रिय सहिदमा सूचीकृत गरी नेपाल राजपत्रमासमेत प्रकाशित गरिएको थियो। थपिएका नयाँसहित काभ्रेपलाञ्चोकमा सहिदको सङ्ख्या तीन सय तीन पुगेको छ।





मन्त्रिपरिषद् बैठकले जनयुद्धदेखि विस्तृत शान्ति सम्झौताको अवधिसम्म सहिद भएकाको नामावली राजपत्रमा प्रकाशित गरी राष्ट्रिय सहिदको मान्यता दिने निर्णय गरेको थियो। सोही निर्णयअनुसार सरकारले बिहीबार राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न आन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिमा सहादत प्राप्त गरेको जनाउँदै दुई हजार छ सय ७४ जनालाई सहिद घोषणा गरी राजपत्रमा प्रकाशित गरेको हो। राष्ट्रिय सहिदका परिवारले यसअघि सहिद घोषणा भई राज्यबाट परिपूरण र सम्मानस्वरूप प्राप्त गरेको सुविधाअनुरूप नै क्षतिपूर्ति, परिपूरण र सम्मान पाउने जनाइएको छ।

बेपत्ता छानबिन आयोग तथा सत्य निरुपण तथा मेलमिलाप आयोगको निर्देशनपछि तत्कालीन जिल्ला शान्ति समितिमा भने मानवअधिकारका गम्भीर उल्लङ्घनका घटनाका पाँच सय १३ उजुरी दर्ता भएका थिए।

समितिका अनुसार सत्य निरुपण तथा मेलमिलाप आयोगका लागि भने चार सय ६९ वटा उजुरी दर्ता थिए। यस्तै जिल्लाका ४४ पीडित परिवारले आफ्ना आफन्तलाई बेपत्ता पारिएको जनाउँदै वास्तविक छानबिन गरी सत्यतथ्य पत्ता लगाउन उजुरी दर्ता गरेका थिए।

दशवर्षे सशस्त्र द्वन्दका क्रममा भने काभ्रेपलाञ्चोकमा दुई सय ७१ जना मृतक परिवार, ८० जना घाइते/अपाङ्ग, विस्थापनमा ६०, द्वन्द्वपीडित बालबालिकामा एक सय ९१ जना, द्वन्द्वपीडित महिलामा ८४ र ३२ बेपत्ता परिवारले सरकारी क्षतिपूर्ति तथा राहात लिएको काभ्रेपलाञ्चोक प्रशासनको तथ्याङ्क उल्लेख छ। द्वन्द्वमा मृत्यु र बेपत्ता भएकालाई उक्त समयमा रु तीन लाख, घाइतेलाई उसको प्रतिशत हेरेर, विस्थापित र अन्यलाई प्रकृति हेरेर अन्तरिम राहत दिने सरकारको नीति रहेको थियो।

# खुला तथ्याङ्क बारे कार्यशाला गोष्ठी सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा दिगो विकास लक्ष्यको लागि खुला तथ्याङ्क बारे एकदिने कार्यशाला गोष्ठी सम्पन भएको छ। शनिबार जनकपुरधाममा जनकपुर आर्ट एण्ड क्राफ्टको आयोजना र ओपेन नोलेज नेपालको सहकार्यमा एक दिवसीय कार्यशाला भएको छ।

डाटा अभियान अन्तर्गत विभिन्न क्षेत्रका ३६ जना युवालाई प्रशिक्षण दिइएको आयोजक संस्थाका संयोजक अशोक साहले जानकारी दिए। खुला तथ्याङ्कले तथ्यमा रहेर काम गर्न पोख्त बनाउने र यस कार्यशलाले सहभागीको व्यक्तित्व विकास हुने उनले विश्वास व्यक्त गरे। प्रशिक्षणमा युवाहरुलाई मुद्दा पहिचान, समस्या सम्बोधन, समस्या समाधान र तथ्याङ्क संकलन बारे ओपेन नोलेज नेपालका सिइओ निकेश बलामीले प्रशिक्षण दिएका थिए।



कार्यशालामा सहभागी मध्येहरुबाट ६ वटा समुह निर्माण गरी समाजको मुदा पहिचान गरी तथ्याङ्किय दृष्टिकोणले अभ्यास गराइएको थियो। अभ्यासका क्रममा उत्कृष्ट तीनवटा समूहलाई आयोजक संस्थाले रु.१५ हजार नगदले पुरुस्कृत गरेका थिए भने सहभागी सबैलाई प्रमाण पत्र प्रदान गरिएको थियो।

कार्यशालाबाट उठाइएको तीन वटा मुद्दामा सहभागी युवाहरुले आगामी दिनमा काम गर्ने छन्। ओपेन नोलेज नेपालका जेम्स श्रेष्ठले खुला डाटा बारे संक्षिप्त जानकारी गराएका थिए भने समीक्षा खड्काले सहजीकरण गरेका थिए।

# बीस लाखको लागतमा कार्यालय भवन निर्माण





**टुडे समाचारदाता**

मनहरी। पार्टी कार्यकर्ता तथा शुभचिन्तकहरूको आर्थिक सहयोगमा मनमोहन अधिकारी स्मृति भवन निर्माण गरिएको छ। हेटौँडा उपमहानगरपालिका-८ मा एकतले चारकोठाको मनमोहन स्मृति भवन निर्माण भएको हो। भवनको शनिबार उदघाटन गरिएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) हेटौँडा ८ नं वडा कमिटीले आफ्ना कार्यकर्ता तथा पार्टी सदस्यहरुसँग रकम सङ्कलन गरेर भवन निर्माण गरिएको एमाले जिल्ला कमिटीका सदस्य तथा भवन निर्माण समितिका संयोजक कुमार केसीले बताए। उक्त भवन कूल रु २० लाखको लागतमा निर्माण गरिएको उनले बताए। भवनको उद्धाटन नेकपा (एमाले) बागमती प्रदेश कमिटीका सदस्य गोपाल बहादुर श्रेष्ठले गरेका हुन्।

सोही अवसरमा श्रेष्ठले कार्यकर्ताले चाहे भने सहयोग जुटाएर पनि विकास-निर्माणको काम गर्न सकिने बताए। भवन बनेपछि अब भवनबाटै पार्टीका गतिविधि सञ्चालन गर्न सहज मिल्ने उनले बताए।

नेकपा (एमाले) मकवानपुरका अध्यक्ष बागमती प्रदेशसभा सदस्य एकलाल श्रेष्ठ, पार्टी कार्यालय सचिव राजन थापा, जिल्ला सदस्यहरू यशोदाकुमारी उप्रेती, सानु लामा, दीपक खड्का, नरेन्द्र भण्डारी, आरती पाठकलगायत उपस्थित थिए।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख। |
| बृष | : धन वृद्धि सञ्चय। |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : सुख समृद्धि हुने। |
| सिंह | : भ्रमण अवसर हुने। |
| कन्या | : अवसर प्राप्त। |
| तुला | : वाद विवादबाट बच्नु। |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : बौद्धिक क्षमता। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : शिक्षामा उन्नति। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# हिमाल स्वच्छ राख्न प्लास्टिकको प्रयोग कम गर्ने प्रतिबद्धता

**टुडे समाचारदाता**

काठमाण्डु । सात दिन लगाएर सगरमाथा आधार शिविर पुगेका महिलाले हिमाल स्वच्छ राख्न प्लास्टिकको प्रयोग कम गर्ने प्रतिबद्धता जनाएका छन् ।

जलवायु परिवर्तनको असर न्यूनीकरणको अभियानका क्रममा सगरमाथा आधार शिविर पुगेर महिलाले यस्तो प्रतिबद्धता जनाएका हुन्। साथसाथै फाउन्डेसनका अध्यक्ष प्रजिता कार्कीले वातावरणको शत्रु नै प्लास्टिक भएकाले यसको प्रयोग कम गर्न सकियो भने मात्रै पनि धेरै हदसम्म वातावरण प्रदूषण कम हुने बताईन् ।

“प्लास्टिकका सामग्रीको प्रयोगलाई कम गरौं र प्रयोग गर्न मिल्ने सामग्रीको पुनःप्रयोग गरौं, हामी महिला कुनै चाडपर्व, मेला महोत्सवमा जाँदा धेरै कपडा खरिद गर्छौं, धेरै शृङ्गारका सामान किन्छौं अनि त्यो सामग्री एकपटक चलाएपछि यतिकै फाल्छौं”, अध्यक्ष कार्कीले भने, “पलास्टिकले वातावरण प्रदूषण मात्र गरेको हुँदैन । जलवायु परिवर्तनमासमेत ठूलो भूमिका खेलिरहेको हुन्छ । त्यसैले वातावरण जोगाउन र जलवायु न्यायका लागि पुनःप्रयोगको अवधारणालाई आत्मसात् गरौं ।”

मधेसी आयोगका सदस्य रेणुदेवी साहले जलवायु परिवर्तनको असरलाई कम गर्न हिमाल, पहाड र तराईका महिलाहरुले बेलैमा सोच्ने बेला आएको बताईन्। जलवायु परिवर्तनबाट महिला तथा बालबालिका सबैभन्दा बढी पीडित भएको भन्दै उनले समस्या समाधानका लागि महिलाहरू एक ठाउँमा उभिनुपर्नेमा जोड दिईन्। महिलाहरूले प्रयोग गर्ने अधिकांश पहिरन तथा शृङ्गारका सामान पोलिस्टर प्लास्टिकबाट बन्ने भएकाले यसबाट वातावरणमा पर्न सक्ने असरलाई पनि ख्याल गर्नुपर्ने दिन आएको सदस्य साहको भनाइ छ।

गैरआवासीय नेपाली सङ्घका उपाध्यक्ष रोजिना प्रधान राईले प्रकृति रहे मानव अस्तित्व सम्भव रहेकाले भन्दै वातावरण जोगाउने अभियानमा सबै जुट्नुको विकल्प नरहेको बताइन् । मानवीय कृयाकलापबाटै वातावरण र प्रकृति जोखिममा पर्दै गएको अध्ययनले देखाएकाले हरेक क्रियाकलाप वातावरण अनुकूलन हुन आवश्यक रहेको उनले बताईन् ।

मिस नेपाल शीच्छा प्रधानले प्लास्टिकको प्रयोग वातावरणका लागि अत्यन्त हानिकारक रहेकाले प्रकृति जोगाउन प्लास्टिक निरुत्साहितको अभियान चलाउनुपर्ने बताईन् । जलवायु न्यायको अभियान लिएर साथसाथै फाउन्डेसनका अध्यक्ष प्रजिता कार्कीको नेतृत्वमा अन्तर्राष्ट्रिय नारी दिवस मनाउन सगरमाथाको आधार शिविर पुगेका १९ जना महिलाको टोलीले प्रकृति जोगाउने अभियानमा सबै जना एकजुट हुन सगरमाथा आधार शिविरबाट आह्वान गरेको थियो ।

उनीहरुले हिमाली क्षेत्रका महिला तथा जनप्रतिनिधिसँग ठाउँ/ठाउँमा जलवायु न्यायका सवालमा अन्तरसम्वाद समेत गर्नुभयो । अभियानका क्रममा जलवायु परिवर्तनका कारण हिमालहरु कालो पहाडमा परिणत हुँदै गएको, कृषि प्रणालीमा अस्वाभाविक परिवर्तन देखा परेको र त्यसबाट प्रजननमा परेको असरबारे छलफल भएको थियो ।

# परिवर्तित राजनीतिक परिस्थितिबारे प्रधानमन्त्रीको ब्रिफिङ



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का संसदीय दलका नेता पुष्पकमल दाहाल ‘प्रचण्ड’ले परिवर्तित राजनीतिक परिस्थितिबारे संसदीय दललाई जानकारी गराएका छन् ।

माओवादी केन्द्रको संसदीय दलको कार्यालय सिंहदरबारमा शनिबार बसेको बैठकमा प्रधानमन्त्री दाहालले सरकारको समीकरण परिवर्तनका सम्बन्धमा प्रष्ट पारेको दलका मुख्य सचेतक हितराज पाण्डेले जानकारी दिए ।बैठकमा प्रतिनिधिसभाको पछिल्लो अवस्थाबारे प्रतिनिधिसभाका मुख्य सचेतक पाण्डे र राष्ट्रियसभाका प्रमुख सचेतक गोपीबहादुर अछामीले बैठकलाई जानकारी गराएका थिए ।

त्यसैगरी राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षको उम्मेदवार तथा विश्वासको मतको विषयमा सहभागी सदस्यले सोधेको प्रश्नमा प्रधानमन्त्री दाहालले उम्मेदवारका विषयमा पार्टीको स्थायी समिति बैठकले निर्णय गर्ने र विश्वासको मत कहिले लिने भन्ने विषयमा सहयात्री दलसँग छलफल गरेर निर्णय लिइने जानकारी गराएका थिए ।

# साइबर अपराधका घटना छ गुणाले बढे

**टुडे समाचारदाता**

काठमाण्डु । पछिल्लो पाँच वर्षमा साइबर अपराधका घटना छ गुणा बढीले वृद्धि भएको पाइएको छ ।

नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७६/७७ मा दुई हजार तीन सय एक निवेदन आएकामा चालु आवको फागुन २३ सम्म १२ हजार सात सय ८९ निवेदन आएका हुन् । त्यस्तै आव २०७७/७८ मा तीन हजार नौ सय छ, आव २०७८/७९ मा चार हजार छ सय ८६ र आव २०७९/८० मा नौ हजार १३ निवेदन परेको प्रहरी प्रधान कार्यालयले उल्लेख गरेको छ ।



प्रहरीका अनुसार चालु आवको फागुन २३ गतेसम्म अनलाइन माध्यमबाट पीडित बालकका एक सय ६४, बालिकाका दुई सय ४२, महिलाका पाँच हजार सात सय तीन, पुरुषका छ हजार एक सय ७७ र अन्यमा पाँच सय तीन गरी जम्मा १२ हजार सात सय ८९ निवेदन प्रधान कार्यालयमा आएका छन् ।

साइबर ब्यूरोका प्रहरी उपरीक्षक तथा प्रवक्ता दीपकराज अवस्थीले अनलाइन ठगी, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गर्ने, वेभसाइट ह्याकिङ लगायतका अपराधका विभिन्न स्वरुपमध्ये पछिल्लो समय ब्यूरोमा आर्थिक ठगीका निवेदन बढी आएको जानकारी दिए ।

साइबर अपराधका प्रवृत्तिमा विभिन्न किसिमका नग्न तस्बीरमा व्यक्तिको मुहार जोडी अनलाइन प्रविधि राख्ने, अश्लील फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रकाशित गर्ने, सम्पूर्ण सूचना आफ्नो नियन्त्रणमा लिई फिरौती माग गर्ने, सामाजिक सञ्जालमा अन्य व्यक्तिको नाम तथा तस्बिर प्रयोग गरेर प्रोफाइल पेज खोली बेइज्जत गर्ने तथा दुःख दिने, सरकारी तथा अन्य सङ्घ संस्थाको वेभसाइट ह्याकिङ गर्ने, अनलाइन ठगी गर्नेजस्ता गतिविधि पर्दछन् ।

# ऊर्जा मन्त्रालयले बजेटमा राखेका योजना कति कार्यान्वयन भए ?

काठमाण्डु । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत कार्यान्वयन हुनेगरी तय गरिएका योजना तथा कार्यक्रमको हालसम्मको उपलब्धि औसत देखिएको छ । कार्यान्वयन गर्ने निकायका कतिपय पदाधिकारी नै आफैँले तय गरेका योजनामा बेखबर छन् । कतिपय आयोजनाको आवेदन माग गर्ने क्रममा छ ।

चालु आर्थिक वर्षका लागि बजेटमा राखिएका योजना तथा कार्यक्रमको अर्धवार्षिक अवधिसम्मको उपलब्धिबारे सरकारले फागुन १७ गते समीक्षा गरेको थियो । उक्त समीक्षाका क्रममा ऊर्जा मन्त्रालयले वार्षिक लक्ष्यको करिब ५८ प्रतिशत लक्ष्य प्राप्त गरेको विवरण पेस गरेको छ ।

चालु आवमा ऊर्जा मन्त्रालयबाट सम्पन्न हुनेगरी निर्धारण भएका लक्ष्य (माइलस्टोन) एक सय ५३ वटा छन् । जसमध्ये फागुन दोस्रो सातासम्ममा काम सुरु भई ८९ वटा अर्थात् ५८ प्रतिशत लक्ष्य प्राप्त भएको छ । हालसम्म सुरु भई लक्ष्य प्राप्त नभएका ५९ र काम सुरु नै हुन नसकेका पाँचवटा छन् । काम सुरु नै नभएका अधिकांश योजना वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रअन्तर्गतका आयोजना हुन् ।




वार्षिक बजेटको उपलब्धिबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समीक्षा हुनुअघि फागुन पहिलो साता ऊर्जा मन्त्रालयको उच्च व्यवस्थापन समूह (एसएमटी) बैठक बसेको थियो । उक्त बैठकमा ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले मन्त्रालयअन्तर्गत वार्षिक निर्धारित योजना तथा कार्यक्रमको प्रगति सन्तोषजनक देखिन नसकेको बताउनुभएको थियो ।

साथै मन्त्रालयका कर्मचारी र आयोजना प्रमुखलाई थप जिम्मेवार भएर काम गर्न र तोकिएको वार्षिक लक्ष्य प्राप्त गर्नका लागि पनि निर्देशन दिनुभएको थियो । “हामी आफैँले तय गरेको लक्ष्यअनुसारको काम किन हुन सकेन ? सम्पादन हुन नसकेको कामको लक्ष्य किन निर्धारण गरेको ? वार्षिक योजना र कार्यक्रम कार्यान्वयन हुन नसक्नुका पछाडिको समस्या के हो ?”, मन्त्री बस्नेतको प्रश्न थियो । वार्षिक योजना बनाउँदा र लक्ष्य निर्धारण गर्दा वस्तुनिष्ट ढङ्गले बन्नुपर्नेमा पनि उहाँको जोड थियो ।

चालु आव २०८०/८१ को बजेटको बुँदा नम्बर ३५७ मा नेपाल विद्युत् प्राधिकरणबाट प्रवर्द्धित एक सय ११ मेगावाटको रसुवागढी, एक सय दुई मेगावाटको मध्यभोटेकोशी, ४२ दशमलव पाँच मेगावाटको साञ्जेन तथा निजी लगानीकर्ताबाट प्रवर्द्धित जलविद्युत् र सोलार आयोजना सम्पन्न गरी चालु आवभित्र करिब नौ सय मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा थप गरिने उल्लेख छ । तीमध्ये मध्यभोटेकोशी निर्माण सम्पन्न भए पनि प्रसारण लाइनको अभावमा राष्ट्रिय प्रसारणमा जोड्न सकिएको छैन । चालु आवको अन्त्यसम्ममा नेपालको कुल विद्युत् उत्पादन तीन हजार छ सय मेगावाट पुग्ने पनि बजेटमा उल्लेख छ ।

बजेटको बुँदा नम्बर ३५९ मा सुक्खायामको विद्युत् माग सम्बोधन गर्न र जलविद्युत् निर्यात गर्न एक हजार दुई सय मेगावाटको बुढीगण्डकी र छ सय ३५ मेगावाटको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको लगानी मोडालिटी तय गरी निर्माणकार्य अघि बढाउने उल्लेख छ ।

यस वर्षभित्र बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनको खाका तयार गर्ने, बोलपत्र मूल्याङ्कन गरी खरिद सम्झौता गर्ने र निर्माण सुपरीवेक्षकका लागि परामर्शदाता छनोट गरिसक्ने लक्ष्य मन्त्रालयले राखेको छ । आयोजनाको खरिद प्रक्रिया अगाडि बढाउने लक्ष्य राखिएकामा हाल वित्तीय ढाँचा तयारी अन्तिम चरणमा पुगेको छ ।

बुढीगण्डकी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत जगत श्रेष्ठका अनुसार वित्तीय व्यवस्थापनका विभिन्न विकल्पहरू तय गरिएको छ । उहाँले अन्तिम निर्णयको प्रक्रियामा रहेको र छिट्टै सकारात्मक खबर आउने बताउनुभयो । सो आयोजनाको निर्माण सुपरीवेक्षणका लागि परामर्शदाता छनोट गर्ने काम भने वित्तीय व्यवस्थापनको ढाँचा तय भएपछि सुरु हुनेछ ।

मन्त्रिपरिषद्को गत कात्तिक २३ गतेको बैठकले सो आयोजना निर्माणका लागि आवश्यक पर्ने बजेट अभाव हुन नदिन नेपाल सरकारले इन्धनमा लगाएको पूर्वाधार शुल्कसमेत उपयोग हुनेगरी आयोजनाका लागि आवश्यक पर्ने बजेट सालबसालीरूपमा विनियोजन गर्ने व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई निर्देशन दिएको थियो ।

त्यसैगरी यस वर्ष दूधकोशी जलाशययुक्त आयोजना निर्माणपूर्वको तयारीको कामका रुपमा करिब २२ हजार पाँच सय रोपनी जग्गा मुआब्जा वितरण गर्ने लक्ष्य राखिएको छ । तर स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन नभएका कारण जग्गाको मुआब्जा वितरण नै सुरु भएको छैन । यो आयोजनाको काम अगाडि बढाउने जिम्मा नेपाल विद्युत् प्राधिकरणले पाएको छ । आयोजनाको निर्माणका लागि चालु आवभित्रै सम्भाव्य लगानीकर्तासँग छलफल गरी मोडालिटी तय गर्ने लक्ष्य राखिएकामा यसका लागि हाल दातृ निकायसँग छलफल भइरहेको मन्त्रालयले जनाएको छ ।

त्यस्तै चालु आवको बजेटको बुँदा नम्बर ३६० मा सङ्घ, प्रदेश र स्थानीय तहको सहलगानीमा एक हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरुण, दुई सय १० मेगावाट क्षमताको चैतपुर सेती, एक सय छ मेगावाट क्षमताको जगदुल्ला, ९९ दशमलव नौ मेगावाटको सिम्बुआ खोला र ७७ दशमलव पाँच मेगावाट क्षमताको घुन्साखोला जलविद्युत् आयोजनाको निर्माण सुरु गरिने ल्लेख गरिएको छ । बजेटले राखेको यो लक्ष्यमा भने अपेक्षित उपलब्धि हासिल हुनसकेको देखिँदैन ।

अपर अरुण जलविद्युत् आयोजनामा यस वर्षभित्र ‘ फिजिकल मोडल’ तयार गर्ने, टेण्डर डिजाइनसम्बन्धी काम, आयोजनाको पहुँचमार्गको विस्तृत डिजाइन तथा निर्माण सुपरीवेक्षण कार्य र सोको निर्माण गर्ने लक्ष्य राखिएको थियो । त्यस्तै पहुँचमार्गको रुख कटान कार्य सम्पन्न गर्ने र २२ किलोमिटर पहुँचमार्गको ३० प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ । तर रुख कटान तथा जग्गा भोगाधिकारका लागि निवेदन पेस गरिएकामा सोको निर्णय हालसम्म हुन नसकेको मन्त्रालयले जनाएको छ ।

“आयोजनास्थलको विभिन्न स्थानमा ‘हेलिलिफ्टिङ’ गरेर निर्माण सामग्री तथा उपकरण ढुवानी गर्नुपर्नेमा ‘ एमआई-१७’ हेलिकोप्टर समयमा उपलब्ध हुन नसक्दा यो काम रोकिएको छ । रुख कटान तथा जग्गा भोगाधिकारका लागि वन तथा वातावरण मन्त्रालयमा निवेदन पेस गरिएकामा सो काम निर्णय प्रक्रियामा रहेको छ”, मन्त्रालयले भनेको छ । त्यस्तै यसै वर्षभित्र आयोजनामा कामदारका लागि क्याम्प निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकामा हाल क्याम्पहरू निर्माणको काम चलिरहेको जनाइएको छ । यो आयोजनाको काम नेपाल विद्युत् प्राधिकरणले गरिरहेको छ ।

हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसीएल) मार्फत अघि बढाउने भनिएको ७० दशमलव तीन मेगावाट उत्पादन क्षमताको सिम्बुआ खोला जलविद्युत् आयोजनाको पूर्वतयारीका कार्य सम्पन्न गरी यसै वर्षभित्र निर्माण सुरु गरिसक्ने लक्ष्य राखिएको छ । यो आयोजनाका लागि आवश्यक निजी र सरकारी जग्गा अधिग्रहण गर्ने र साइट कार्यालय तथा आवास भवनको निर्माण सुरु गर्ने काममा उल्लेख्य प्रगति देखिन सकेको छैन । जग्गा अधिग्रहणका लागि मुआब्जा निर्धारण तथा क्षतिपूर्ति समिति गठन भई अधिग्रहणका लागि सूचना निकाल्ने तयारी भइरहेको छ ।

विभिन्न निकायबाट सहमति प्राप्त गर्न समय लागेको मन्त्रालयले जनाएको छ । त्यस्तै आयोजनाअन्तर्गत बन्ने प्रसारण लाइनको प्रारम्भिक वातावरणीय परीक्षण (आइई) सम्पन्न गर्ने लक्ष्य राखिएकामा आइई प्रतिवेदनको कार्यसूची स्वीकृत भई स्थलगत अध्ययन सम्पन्न भएको र मस्यौदा प्रतिवेदन तयार भइरहेको मन्त्रालयको भनाइ छ ।

चैनपुर सेती अर्धजलाशययुक्त जलविद्युत् आयोजनाको पूर्वतयारीका काम सम्पन्न गर्ने र आयोजना क्याम्प क्षेत्रको निर्माण सुरु गर्ने लक्ष्य पनि मन्त्रालयले राखेको छ । नेपाल विद्युत् प्राधिकरणमार्फत अघि बढिरहेको यो आयोजनाको पूर्वतयारीका कामका लागि खरिद प्रक्रिया सुरु गर्न लागिएको जनाइएको छ । यसका लागि चालु आवको दररेटअनुसार लागत अनुमान पुनरावलोकन अन्तिम चरणमा रहेको जनाइएको छ । अहिले आयोजनाको पहुँचमार्गबाट आवासीय क्षेत्र जाने सडकको डिजाइन भइरहेको पनि मन्त्रालयको भनाइ छ ।

जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत् आयोजना (एक सय छ मेगावाट) को काम पनि अघि बढिरहेको छ । यो आयोजनामा चालु आवभित्र पूर्वतयारी कार्य सम्पन्न गरी निर्माण चरणमा लैजाने भनिएकामा उक्त काम चलिरहेको जानकारी मन्त्रालयले दिएको छ । यसै वर्षभित्र आयोजनाको पुल, पहुँच सडक तथा आवास निर्माण सुरु गरी ५० प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य राखिएकामा हाल उक्त कार्य चलिरहेको मन्त्रालयले जनाएको छ ।

सरकारले यसै वर्षभित्र ७७ दशमलव पाँच मेगावाटको घुन्साखोला जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन र पूर्वतयारीका काम सम्पन्न गरी आयोजनाको निर्माण सुरु गर्ने लक्ष्य राखेको छ । यो आयोजनाको साइट कार्यालय तथा आवास भवनको निर्माण गर्ने, आयोजनाको वित्तीय व्यवस्थापन गर्ने र सात किलोमिटर पहुँचमार्ग निर्माण गर्ने लक्ष्य राखिएको छ ।

तर आयोजनाको विद्युत् खरिद सम्झौता (पिपिए) हुन नसक्दा वित्तीय व्यवस्थापन टुङ्गिन सकेको छैन । सात किलोमिटर सडकमध्ये करिब तीन किलोमिटरको ट्र्याक खोल्ने काम भइरहेको जनाइएको छ । यो आयोजनाको काम पनि एचआइडिसीएलले गरिरहेको छ ।

चालु आवभित्र तामाकोशी-५ जलविद्युत् आयोजनाको पूर्वतयारीका काम सम्पन्न गरी निर्माणका लागि ठेक्का सम्झौता गर्ने लक्ष्य राखिएकामा त्यसमा पनि उल्लेख्य प्रगति देखिन सकेको छैन । आयोजनाको सुपरभिजन परामर्शदाता छनोट गर्ने, प्रसारण लाइनको १८ वटा टावर निर्माणका लागि जग्गा अधिग्रहण गर्ने र आयोजनाको निर्माणका लागि पहिलो चरण (लट-१)को सिभिल तथा हाइड्रोमेकानिकलतर्फको काम सुरु गर्ने लक्ष्य राखिएको छ । तर यसको खरिद प्रक्रिया नै टुङ्गिन सकेको छैन ।

बुढीगङ्गा जलविद्युत् आयोजनाको दोस्रो चरण (लट-२) को इलेक्ट्रोमेकानिकल र तेस्रो चरण (लट-३) को ट्रान्समिसन लाइन निर्माणका लागि बोलपत्र आह्वान गर्ने लक्ष्य रहेकामा स्रोत सुनिश्चितता हुन नसक्दा सो कार्य अघि बढ्न सकेको छैन । अहिले स्रोत सुनिश्चतताका लागि अर्थ मन्त्रालयमा फाइल पेस भएको जनाइएको छ ।

विद्युत् उत्पादनका क्षेत्रमा मात्र नभई प्रसारण लाइन निर्माणका क्षेत्रमा पनि चालु आवका लागि तय भएका योजना तथा कार्यक्रमको प्रगति सन्तोषजनक छैन । चालु आवको बजेटमार्फत प्रसारण लाइनतर्फ नदी बेसिनमा आधारित चार सय केभी कर्णाली करिडोर (कर्मादिव-फुकोट) प्रसारण लाइनको निर्माणकार्यलाई तीव्रता दिने लक्ष्य राखिएको छ । यो प्रसारण लाइन आयोजनाको निर्माणका लागि ठेक्का सम्झौता गर्ने प्रक्रिया चलिरहेको छ । टावर प्याडको माटो परीक्षण, कैलाली जिल्लाअन्तर्गत पर्ने टावरको निर्माणका लागि जग्गा अधिग्रहण गर्ने र प्रसारण लाइनको इन्जिनियरिङ डिजाइन कार्य सम्पन्न गर्ने वार्षिक योजना रहेकामा ती सम्पन्न हुनसकेका छैनन् ।

भेरी करिडोर चार सय केभी प्रसारण लाइन आयोजनाको लगानी मोडल स्वीकृत गरी ठेक्का प्रक्रिया अगाडि बढाउने, पश्चिम सेती चार सय केभी प्रसारण लाइन आयोजनाको लगानी मोडल सुनिश्चित गरी ठेक्काको प्रक्रिया अगाडि बढाउने र नेपाल-भारत विद्युत् प्रसारण लाइनको तीन हजार छ सय किलोमिटर तार खरिद प्रक्रिया अगाडि बढाउने वार्षिक योजना रहेको छ । यी कुनै पनि प्रसारण आयोजनामा अपेक्षित उपलब्धि हासिल हुनसकेको देखिँदैन ।

ऊर्जा मन्त्रालयअन्तर्गत छवटा राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनमा छन् । गौरवका आयोजनाको वार्षिक प्रगति लक्ष्य र उपलब्धि तुलना गर्दा निकै कमजोर छ । महाकाली सिँचाइ आयोजनामा नेपाल-भारतबीचको लिङ्क क्यानल तथा हेड रेगुलेटर निर्माण सम्पन्न भइसकेको छ तर, आयोजनाको नहर भने सञ्चालन हुनसकेको छैन । नहरको ३७ दशमलव ३३ हेक्टर जग्गाको भोगाधिकार प्राप्त गर्न रुख कटानका लागि डेढ वर्ष बितिसक्दा पनि हालसम्म काम सम्पन्न हुनसकेको छैन ।

दोधारा चाँदनीका लागि वर्षैभरि १० क्युसेक पानी शारदा नहरबाट दिने महाकाली सन्धिको प्रावधान भए पनि हालसम्म भारत सरकारले उक्त क्षेत्रको लागि लिङ्क क्यानल र हेड रेगुलेटर बनाउने काम अनिश्चित छ । आयोजनाको जग्गा मुआब्जा वितरणका लागि विनियोजित बजेट निकै कम रहेको र थप रकम आवश्यक पर्ने आयोजनाले जनाएको छ ।

रानीजमरा कुलरिया सिँचाइ आयोजना आव २०६७/६८ मा निर्माण सुरु भएर चालु आवभित्र सम्पन्न गर्ने लक्ष्य राखिएकामा आयोजनामा हालसम्म ७० प्रतिशतमात्रै भौतिक प्रगति रहेको छ । आयोजनाको लागत रु १२ अर्ब ३७ करोड रहने सुरुआती अनुमान रहेकामा अहिले रु २७ अर्ब ७० करोड पुगिसकेको छ । आयोजनाको जलविद्युत् आयोजनाको उत्पादनबाट प्राप्त हुने राजस्व बाँडफाँट र विद्युत्गृह सञ्चालन तथा मर्मतसम्भार कार्यविधि बन्न सकेको छैन । आयोजनाको मूल नहरमा स्थानीय व्यक्तिबाट ‘राइट अफ वे’मा जग्गा अतिक्रमण गरी विभिन्न संरचना निर्माण भएको हुनाले राइट अफ वे कायम हुनसकेको छैन ।

आव २०८२/८३ मा सम्पन्न हुने लक्ष्य राखिएको बबई सिँचाइ आयोजनाको हालसम्म ७२ प्रतिशतमात्रै काम सम्पन्न भएको छ । कुल रु १८ अर्ब ९६ करोड लागत अनुमान गरिएको आयोजनामा हालसम्म रु १३ अर्ब १५ करोड खर्च भइसकेको छ । गत आव २०७९/८० मा भुक्तानी हुन नसक्दा र चालु आवमा समेत न्यून बजेट विनियोजन भएकाले निर्माण व्यवसायीबाट निर्माणकार्यमा ढिलाइ भइरहेको आयोजनाले जनाएको छ ।


जग्गा प्राप्तिका लागि मुआब्जा वितरणमा ज्यादै नै न्यून बजेट विनियोजन भएकाले पश्चिम सिँचाइ प्रणालीको सिञ्चित क्षेत्र विकासको कार्य अगाडि बढाउन नसकेको जनाइएको छ । हरेक वर्ष सात महिना नहरमा पानी सङ्कलन गर्नुपर्ने भएकाले बाँकी पाँच महिनामा नहर निर्माणको कार्य प्रगति वार्षिक लक्ष्यअनुसार हासिल गर्न गाह्रो हुने आयोजनाले जनाएको छ । खरिद गुरुयोजनाले प्रक्षेपण गरेअनुसारको वार्षिक बजेट विनियोजन हुन नसक्दा समस्या देखिएको पनि आयोजनाको भनाइ छ ।

आव २०७१/७२ मा निर्माण सुरु भएको भेरी बबई डाइभर्सन आयोजनाको काम हालसम्म ६५ प्रतिशत सकिएको छ । आव २०८२/८३ मा निर्माण सम्पन्न गरिसक्ने भनिएको यो आयोजनामा हालसम्म रु १६ अर्ब ९६ करोड ३८ लाख बराबर खर्च भइसकेको छ । राष्ट्रिय निकुञ्ज तथा सरकारी वन क्षेत्रभित्र पर्ने जग्गा र ऐलानी जग्गा प्राप्तिका लागि स्पष्ट नीति र कार्यविधिको अभावमा आयोजनाको काममा सुस्तता देखिएको छ । आयोजनाको निर्माणका लागि ठूला यन्त्र तथा उपकरण आवश्यक पर्ने भए पनि सोको व्यवस्थापन समयमा हुन नसक्दा पनि आयोजनामा समस्या देखिएको जनाइएको छ ।

आव २०६१/६२ मा निर्माण सुरु भएको सिक्टा सिँचाइ आयोजनाको भौतिक प्रगति ४० दशमलव १६ प्रतिशत छ । रु ५२ अर्ब ८९ करोड कुल लागत अनुमान गरिएको आयोजनामा हालसम्म रु २० अर्ब ८० करोडभन्दा बढी खर्च भइसकेको छ । आयोजनाको पश्चिम नहरको मुख्य शाखा गुरुवागाउँ क्षेत्रको ठेक्का मूल्याङ्कन चरणमा छ भने पूर्वी नहरको विस्तृत सर्वेक्षणको सम्झौता सम्पन्न भई अध्ययन भइरहेको जनाइएको छ । निर्माणसँग सम्बन्धित ठेक्का सम्झौताअनुसार काम गर्दा पनि निर्माण व्यवसायीहरू मुद्दामामिलामा जाँदा आयोजनाको काममा ढिलाइ भएको जनाइएको छ । सिक्टा सिँचाइ आयोजनाको पूर्वी नहरतर्फको ३७ किलोमिटर नहर सञ्चालनमा ल्याई थप ५३ किलोमिटरसम्मको निर्माण सुरु गरिसक्ने लक्ष्य चालु आवको बजेटमार्फत लिइएको थियो । तर आयोजनामा उक्त लक्ष्यअनुसार काम हुनसकेको छैन ।

सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको हालसम्मको भौतिक प्रगति २६ दशमलव ३८ प्रतिशत रहेको छ । आव २०७३/७४ मा सुरु भएको यो आयोजनाको कुल लागत रु ४९ अर्ब ४२ करोड अनुमान गरिएकामा हालसम्म रु ११ अर्ब ९२ करोड बराबर खर्च भइसकेको छ । आयोजनाको काममा बजेट अभावको समस्या देखिएको छ ।

खरिद गुरुयोजनाअनुसार तथा निर्माण कार्यप्रगतिअनुसार थप बजेट आवश्यक रहेको भन्दै आयोजनाले मन्त्रालयसँग थप बजेटको माग गरिरहेको छ । यो आयोजनाका लागि रामेछाप जिल्लातर्फको डुबान क्षेत्रको जग्गा अधिग्रहणको सन्दर्भमा बैंकमा रोक्का रहेको र फुकुवा हुन बाँकी रहेको जग्गाको मुआब्जा वितरणकार्य सम्पन्न भइसकेको छैन । वन क्षेत्रको जग्गा प्रयोग, जग्गाको हदबन्दी, निर्माण सामग्रीको अभाव, दक्ष जनशक्तिको अभावलगायतका कारणले कतिपय आयोजना प्रभावित भएको छ । अन्तरसरकारी निकायबीच समन्वयको अभाव पनि समस्याको अर्को कारक रहेको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मधेशमा आश जाग्यो

परिवर्तित संघीय गठबन्धनको सरकारमा सहभागी एमाले र जनता समाजवादी पार्टी(जसपा)बाट दुई वरिष्ठ नेता सहभागी भएका छन् । एमालेबाट सरकारमा नेतृत्व गरिरहेका सचिव रघुबीर महासेठ उपप्रधान तथा भौतिक योजना मन्त्री छन् । जसपाका अध्यक्ष उपेन्द्र यादव पनि उपप्रधान तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रीका लागि प्रस्तावित छन् । आइतवार सम्म उनको शपथ हुने संभावना छ । विकासका लागि भौतिक पूर्वाधार र स्वास्थ्य क्षेत्रका लागि स्वास्थ्य मन्त्रालय नै हो । मधेशमा पूर्वाधारको अझै विकास हुन बाँकी छ । स्वास्थ्यको क्षेत्रमा त झन बढी नै काम गर्नुपर्नेछ । विगतमा पनि भौतिक पूर्वाधार मन्त्री रहिसकेका महासेठलाई मधेश प्रदेशको मात्र नभइ देशकै सडकको विषयमा जानकारी छ । यादव पनि विगतमा स्वास्थ्य मन्त्री रहिसकेकाले मधेश प्रदेशमा स्वास्थ्यको समस्याबारे विज्ञ छन् । मधेश प्रदेशबाट दुई जना प्रभावशाली नेता दुई प्रमुख मन्त्रालयको जिम्मेवारीमा रहेकाले मधेशका बासिन्दाहरुमा आश जाग्नु अस्वभाविक होइन् । संघीय सरकारमा रहेका दलकै मधेश प्रदेशमा समेत सरकार रहेकाले सहकार्य गर्न पनि अत्यन्त सहज छ । मधेश प्रदेशमा विकासका लागि संघीय सरकारबाट आवश्यकता अनुसारको बजेट प्राप्त भइरहेको छैन् । कर्मचारीको समस्या पनि बिकराल नै छ । यादव स्वास्थ्य मन्त्री भएका बेला सप्तरी जिल्लाको राजविराजमा संघीय स्वास्थ्य मन्त्रालयले स्थापना गर्न लागेको रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको कामलाई तीव्र रुपमा अगाडि बढाउने विश्वास गर्न सकिन्छ ।गणतन्त्रवादी नेता रामराजा प्रसाद सिंहको नाममा स्थापना हुने सो प्रतिष्ठानका लागि संघीय सरकारले काम बढाउन बजेट नै दिएन् ।अब त्यसले मूर्त रुप लिने विश्वास सप्तरीवासीमा बढेको छ ।प्रदेश सरकारलाई जिल्ला अस्पताल, अञ्चल अस्पताल हस्तान्तरण गर्ने काम यादव स्वास्थ्य मन्त्री हुँदा नै भएको हो ।त्यसै गरी महासेठ भौतिक मन्त्री रहेको बेला मधेश प्रदेशको पूर्वाधार विकासका लागि प्रयाप्त बजेट आएको थियो ।पूर्वपश्चिम रेल मार्ग निर्माणका लागि मधेश प्रदेश खण्डको रेलको पूर्वाधार निर्माणको ठेक्काहरु पनि लगाइएको थियो ।तर पछि ती ठेक्काहरु मध्ये केही रद्द भए ।केही अलपत्र परे ।सरकारमा उनी हाल विगतको भन्दा प्रभावशाली अवस्थामा छन् ।मधेशमा आवश्यक पूर्वाधार निर्माणमा मन्त्री महासेठले विशेष चासो लिन आवश्यक छ ।प्रदेश सरकार र संघीय मन्त्रालयबीच तालमेल गरी स्वास्थ्य र पूर्वाधारको समस्यालाई धेरै हद सम्म समाधान गर्न सक्ने अवसर छ ।दुवै नेता अहिले चुक्नु हुँदैन् ।

# प्रचण्डको कुन घोडा गतिलो

सामाजिकता, व्यवहारिकता, नैतिकता एवम् परम्परालाई जीवन्त राख्दै राजनीतिक संस्कार लोकतान्त्रिक विधिअनुरुप हुनुपर्छ । त्यसो भयो भने लोकतान्त्रिक व्यवस्थाप्रति सर्वसाधारण जनताको विश्वासमा अभिबृद्धि हुन्छ । तर, नेपालमा नेताहरुले सत्ताका लागि जुन किसिमका अवसरवादी चरित्र पटक पटक देखाउने गर्छन् । त्यसले गर्दा, जनताको भावना आहत हुनुका साथै मुलुकमा राजनीतिक स्थिरता कहिँले हुने प्रश्न फेरी तेर्सिएको छ ।

लोकतान्त्रिक गणतन्त्र स्थापना भएको डेढ दसकको अवधिमा मुलुकले पन्द्रहपटक प्रधानमन्त्री पाएका छन् । अर्थात, बर्षपिच्छे एक प्रधानमन्त्री । छोटो अवधिमैं सत्ता परिवर्तन हुँदा विकासको गतिविधि बाधित हुन्छ । सत्तामा बस्ने ठेगान नहुँदा मन्त्रीहरु बढी सरुवा,बढुवा र करारमा जागिर लगाउनेलगायतका गतिविधितर्फ बढी केन्द्रीत भएको देखिएको छ ।

सत्तामा सहभागी हुन नसकेको खण्ड प्रधानमन्त्रीलाई सत्तोसराप गर्छन् । पद पाएपछि सोही प्रधानमन्त्रीद्वारा नै मुलुक उन्नतिको शिखरमा पुग्ने शब्दावलीको प्रयोग गर्छन् । यी नोटङ्कीवाज नेताहरुबाट नेपालीले के आशा गर्ने ? राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरुले प्रचण्डलाई सत्रह हजार दुई जनाको हत्यारा भनेर सत्तोसराप गरेको हामी सवैले सुन्दै आएका छौं । अहिले शक्तिशाली मन्त्रालय पाउनासाथ प्रचण्डप्रति नतमस्तक भएको देखेर सर्वसाधारणहरु सिद्धान्तहीन र अवसरवादी नेता देखेर चकित छन् । जनमत पार्टीको नेता सिके राउत अलमलमा परेको छ । उनलाई मधेश प्रदेशको मुख्यमन्त्री चाहिएको छ भने उपेन्द्र यादवलाई मधेश प्रदेशको मुख्यमन्त्रीलाई जसरीपनि जोगाउनु छ । उपेन्द्र यादवसहित एकजना केही दिनभित्रै मन्त्रिमण्डलमा सहभागी हुनेछ । वरियताक्रममा रघुविर महासेठभन्दा उपेन्द्र यादव जेठो भएकाले सरकारमा दोश्रो वरियता पाउनुपर्ने हो ।

माओवादीकेन्द्रको नेतृत्वमा पुनर्गठित यस सरकारमा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टी र जनमत पार्टीले समर्थन गरेको हो । थुप्रै दल मिलेर विगतमा पनि सरकार बनेको छ । तर, परिणाम सन्तोषजनक दिन सकेका थिएन् । यसपल्ट, पनि सोही सम्भावना छ । कथङकदाचित राजनीतिकले कोल्टो फेर्न खोज्नासाथ प्रचण्डलाई समर्थनगर्ने नेताहरु पल्टिनमा बेर लगाउँदैन् । सरकार बनाउने खेल आगामी दिनमा पनि जारी रहने सम्भावनालाई नकार्न सकिँदैन् । यस्ता खाले अवस्था पटक पटक दोहरिनुको मुख्य कारण संविधानकै त्रुटि हो ।

सामान्य राजनीतिक नैतिकतापनि पालना गरेको देखिँदैन् । काँग्रेसले समर्थन फिर्ता लिएपछि प्रचण्डको सरकार अल्पमतमा परेको छ । के अल्पमतमा परेको प्रधानमन्त्रीले मन्त्रिमण्डल विस्तार गर्न पाउँछ ? भारतमा सरकार अल्पमतमा पर्नासाथ राष्ट्रपतिले प्रधानमन्त्रीलाई बुलाएर दुईवटा प्रस्ताव राख्छन् । ' विश्वासमत लिने कि राजीनामा गर्ने ?' विश्वासमत लिने हो भने बढीमा एकसाताभित्र लिन निर्देश जारी गर्छ । नेपालमा यस्तो अधिकार राष्ट्रपतिलाई प्रदान गरिएको छैन् । यस किसिमको अधिकार भएको भए, राजनीतिक स्थिरतामा सहयोग पुग्ने थियो ।

नेपालमा समानुपातिक प्रणालीको कारण कुनैपनि दललाई प्रतिनिधिसभामा बहुमत पुऱ्याउन असम्भव छ । एकल बहुमत नहुँदा तेस्रो वा चौंथो दलले हैसियतभन्दा धेरै बढी माग गर्छन् । अहिले प्रतिनिधिसभामा तेस्रो दलका नेता प्रचण्डले प्रधानमन्त्री पद लिनका लागि आलोपालो गरी दोश्रो र पहिलो दललाई बाध्य पार्‍यो । यसपल्ट, संसद् को चौंथो दल राष्ट्रिय स्वतन्त्र पार्टीले सवैभन्दा महत्वपूर्ण मन्त्रालय 'गृह'सहित चार मन्त्रालय लिए । उपेन्द्र यादवलाई कमेकम मधेश प्रदेशको मुख्यमन्त्री अनवरत चाहिएको छ । यी दलहरुमध्ये कुनैपनि दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि सरकार ढल्नेछ । आधा दर्जन पार्टी मिलेर बनेका सरकारका मुखियाले बढी धाक देखाएभने समर्थन गुम्ने डरपनि रहन्छ ।

केन्द्रमा सत्ता समीकरण फेरिनासाथ त्यसको प्रत्यक्ष असर प्रदेशका सरकारमा पर्ने गर्छ । प्रदेशहरुमा मन्त्रीहरुको राजीनामा र बर्खास्त हुन थालेको छ । यसरी नै सत्ता परिवर्तन गर्दै समय वित्ने छ । मन्त्री र मुख्यमन्त्री फेर्ने खेल चल्दै रह्यो भने अधोगति त निश्चित छ । यस्ता खेल आउँदा दिनमा पनि निरन्तरता पाइरहने छ । गलत प्रवृतिलाई निरुत्साहित नगरी सत्ताकै लागि मरिहत्ते गरिरह्यो भने यो व्यवस्था देश र देशवासीको लागि अभिशाप हुनेछ ।

कुनैपनि प्रजातान्त्रिक मुलुकमा जुन दलको सहयोगमा सरकार टिकेको छ । त्यो दलको समर्थन चाहिएको छैन भने राजीनामा गर्ने परिपाटी छ । केहीदिनअघि, विहारका मुख्यमन्त्री नीतीस कुमारले सरकारका सहयोगी राष्ट्रिय जनता दललाई छोडेर भारतीय जनता पार्टीसँग मिलेर सरकार बनाएका छन् । चारदिन अघि नेपालका प्रधानमन्त्री प्रचण्डले नीतीसकै शैलीमा काँग्रेसलाई छोडेर एमालेलगायतका दलसँग मिलेर सरकार बनाएको हो । दुवै मुलुकमा लोकतन्त्र छ । यसरी, सत्ता समीकरण गरी पुनः सरकार बनाउने प्रक्रियामा धेरै बढी भिन्नता छ । विहारमा लोकतान्त्रिक विधि अपनाइए भने नेपालमा मनपरीतन्त्र विधि अपनाइएको स्पष्ट रुपमा बुझ्न सकिन्छ ।

प्राप्त भयो । त्यो दललाई सिधैं अव, तपाईको लागि सरकारमा ठाउँ छैन् भन्नु पञ्चायतको राजावादी शैली नै हो । निश्चित रुपमा लोकतान्त्रिक संस्कार भन्न मिल्दैन् । यसलाई अवसरवादी प्रवृति भनिन्छ ।

समर्थित दलको सहयोग नचाहिएको र अन्य दलको समर्थन लिने ईच्छा भने पहिले राजीनामा गर्ने अनि समर्थित दलको पत्रको आधारमा राष्ट्रपतिबाट नियुक्त भएर मन्त्रिमण्डल विस्तार गर्दा लोकतान्त्रिक हुन्थ्यो । तर, नेपालमा त्यस्तो चलन नहुँदा त्यसको फाईदा उठाएर प्रचण्डले छोटो अवधिमैं दुईपटक समीकरण फेरेको हो । राजीनामा गर्नुपर्ने परिपाटी भएको भए प्रधानमन्त्रीले समीकरण हेरफेर गर्नका लागि अनेकौंपटक सोच्ने थियो । किनभने, राजीनामा गरेपछि, कतै अर्केले बाजि त मार्ने त होइन् भनेर डर हुन्छ । यदि, समर्थित दलले आफ्नो ईच्छाले सरकार छोडेको छ र सरकार अल्पमतमा पुगेको छ भने विश्वासमत लिनुपर्ने हो ।

जतिखेर, प्रधानमन्त्री प्रचण्डले आफ्ना सहयोगी दल एमालेको साथ छोडेर काँग्रेसको समर्थन लिन खोजेको थियो । उतिखेर, काँग्रेसले प्रचण्डलाई पहिले राजीनामा गर्नुस, त्यसपछि, काँग्रेसको समर्थन लिएर पुनः प्रधानमन्त्रीमा नियुक्त हुन सुझाव दिनुपर्ने थियो । मेरो नजरमा काँग्रेसले नयाँ परिपाटी बसाउनमा काँग्रेस चुक्यो । सो भूलको मूल्य ठूला दलका साथै देशले चुकाउँदै रहनेछ ।

बाहिरिने कतै ठोस कारण नभएपनि राष्ट्रियसभाको निर्वाचनमा काँग्रेसले कोशी प्रदेशमा अन्तर्घात गरेको र माओवादी केन्द्रबाट मुख्यमन्त्री बन्न नदिएको विषयलाई मुख्य आधार बनाएको छ । अर्कोतर्फ, राष्ट्रियसभाको अध्यक्ष पदको विवादलाई पनि कारकको रुपमा माओवादीहरु बताउने गर्छन् । काँग्रेसको महासमितिको बैठकमा महामन्त्री गगनकुमार थापाद्वारा आउँदो निर्वाचनमा काँग्रेस एक्लै चुनाव लड्ने प्रस्ताव र उपसभापति पूर्णबहादुर खड्काले माओवादी सशस्त्र युद्धको कारण मुलुकमा परेको दुरुगामी प्रभावसहितको प्रतिवेदन पेश गरेको थियो । यी विषयमध्ये राष्ट्रियसभामा पराजयको विषय गम्भीर भएपनि सत्ता समीकरण फेर्नुपर्ने अवस्था थिएन् ।

तर, कतिपयको के बुझाइ छ भने काँग्रेसका केही महासमिति सदस्यले हिन्दु राष्ट्रको लागि प्रस्ताव राखेको कारणले सरकारबाट बाहिरिनुपरेको हो । त्यसकारणले काँग्रेसको साथ छोड्न इसाई समर्थित अन्तर्राष्ट्रिय शक्तिले प्रचण्डलाई बाध्य पारेको चर्चा चुलिँएको छ । प्रधानमन्त्री प्रचण्डले विहीवार संसद् मा काँग्रेसको महासमितिको बैठकमा स्टल राखेरनै हिन्दु राष्ट्रका लागि हस्ताक्षर अभियान थालेको कुरा उठाएको छ । प्रचण्डले संसदमा हिन्दु राष्ट्रसम्बन्धी विषयको उठाएपछि उनीहरुको अनुमानलाई बल पुगेको बुझिन्छ ।



> **बर्षेपिच्छे सरकार फेरिने, प्रधानमन्त्रीले ठूला दलका मन्त्रीलाई गल्हत्याएर सरकारबाट निकाल्ने र त्यसपछि, पुनः अन्य दलको समर्थन लिएर सरकार बनाउने वा दुई ठूला दल मिलेर सरकार बनाएपछि साना दलहरु सशक्त प्रतिपक्षपनि बन्न नसक्ने अवस्था सृजना हुने देखिन्छ ।**



प्रभाषचन्द्र झा

**विहारको घटना**: विहारका मुख्यमन्त्री नीतीस कुमारले सरकारमा सहभागी विधानसभामा सवैभन्दा ठूलो दल, राष्ट्रिय जनता दलको समर्थन छोड्ने निर्णय गऱ्यो । उनले राज्यपाल (प्रदेश प्रमुख)समक्ष मुख्यमन्त्री पदबाट राजीनामा पेश गऱ्यो । त्यसपछि, उनले भारतीय जनता पार्टीको समर्थनपत्र लिएर राज्यपालसमक्ष पेश गरी पुनः मुख्यमन्त्रीमा नियुक्त भएका थिए । नीतीशलाई 'पल्टुराम' पनि भन्ने गर्छन् । उनी चारपल्ट, पल्टिएका छन् । तर, प्रत्येकपल्ट मुख्यमन्त्री पदबाट राजीनामा गरी अन्य दलको समर्थन लिएर मुख्यमन्त्री पदमा आसिन भएका हुन् । यस्तो व्यवस्था भारतीय संविधानमा उल्लेख गरिएको छैन् । तापनि, राजीनामा गरेपछि मात्र अन्य दलको सहयोगमा सरकारको गठन गर्छन् । यसलाई भनिन्छ, 'नैतिकता'सहितको राजनीति संस्कार । संविधानमा सवै थोक उल्लेख गर्नु सम्भव छैन् । नैतिक कर्तव्य र दायित्वपनि हुन्छ, त्यो त नेपालको नेतामा अहिले देखिएको छैन ।

अहिले प्रचण्डले जुन किसिमले सरकारको पुनर्गठन गरेको भनिएको छ । यसो हेर्दा, पञ्चायतकालमा राजाले जसरी अञ्चलाधीश हटाउथ्यो, त्यसरीनै प्रचण्डले उहिले एमाले र अहिले काँग्रेसलाई आलोपालो गरी सत्ताबाट एक किसिमले घोक्रेठ्याक गरेकै हो । ति दुवै घटनाले पञ्चायती व्यवस्थाको झझल्कोको अनुभूति गराएको छ । किनभने, जुन दलको बलमा प्रधानमन्त्री बन्ने शौंभाग्य

सम्भवतः बर्षेपिच्छे सरकार फेरिने, प्रधानमन्त्रीले ठूला दलका मन्त्रीलाई गल्हत्याएर सरकारबाट निकाल्ने र त्यसपछि, पुनः अन्य दलको समर्थन लिएर सरकार बनाउने वा दुई ठूला दल मिलेर सरकार बनाएपछि साना दलहरु सशक्त प्रतिपक्षपनि बन्न नसक्ने अवस्था सृजना हुने देखिन्छ ।


मनमोहन अधिकारीको नौं महिने सरकार हटेपछि २०५२ सालमा शेरबहादुर प्रधानमन्त्री बनेका थिए । सो सरकारलाई ढाल्नका लागि एमालेले २०५३ सालमा राप्रपाको लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाएर मन्त्री बन्यो । सात महिना नवित्दै काँग्रेसले एमालेले देखाएको बाटोको अनुशरण गर्दै राप्रपाकै सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएर मन्त्री बनेका थिए । पञ्चायती व्यवस्था ढाल्नका लागि सयौंको बलिदान गर्ने काँग्रेस र एमालेले पाँच बर्ष नवित्दै पञ्चायतकालका दुई पूर्वप्रधानमन्त्रीको मातहतमा सरकारमा सहभागी भएका थिए । यी दुवै दलहरुका नेताहरु आदर्श र सिद्धान्तलाई उतिखेर नै पदका लागि बेचेको भन्नुपर्दा, अतिशयोक्ति नहोला । त्यो बेला संसदको २०५सिटमध्ये राप्रपाको २० साँसद थियो । कहिले यता कहिले उताको खेलमा रमाएका राप्रपा अन्ततः दुई टुक्रामा विभाजित भए । २०५६ को निर्वाचनमा राप्रपालाई नराम्ररी पराजय भोग्नु पर्‍यो ।

### सत्ता समीकरणको भित्रि रहस्य

काँग्रेस सभापति देउवा र प्रधानमन्त्री प्रचण्डबीच सम्बन्ध सुमधुर नै देखिन्थ्यो । सरकारबाट काँग्रेसलाई

केही दिनअघि केपि ओलीले चौरासी मिशन शुरु गरेको घोषणा गर्‍यो । त्यो घोषणाको शुभारम्भ एमालेलाई सरकारमा पुऱ्याएको रुपमा शुरु भएको सम्झनु पर्दछ । सत्ता समीकरणको विषय गोप्य राख्न र काँग्रेसको ध्यान भटकाउनका लागि चुनावी मिशनको विषय उठाएर काँग्रेसलाई भ्रमित पारिएको देखिन्छ । दुईसातादेखि ओलीले सरकारमाथि कडा प्रहार गरिरहेको थियो । त्योपनि सुनियोजित रणनीति थियो । ओली आफ्नो उद्देश्यमा सफल भयो । प्रचण्डले करिव एक महिनाअघि, काँग्रेसले धोका दिएको भनेर पार्टीको केन्द्रीय समितिको बैठकमा बोलेको थियो । उनले सत्ता समीकरण फेर्ने सङ्केत पनि गरेको थियो । त्यसको प्रतिउत्तरमा सचेतक रमेश लेखक र काँग्रेसका प्रचारप्रसार समितिका संयोजक मीनबहादुर विश्वकर्माले प्रचण्डको अभिव्यक्तिको जवाफ फर्काएको थियो । तर, सचेत भएन् । सत्ता परिवर्तन भएको दिन सोमवार प्रधानमन्त्री प्रचण्डले राष्ट्रियसभा गृहमा आयोजित एक अन्तरक्रिया कार्यक्रममा पटक पटक निरन्तरतामा क्रम भंगता माओवादीको विशेषता रहेको अभिव्यक्ति, माओवादी पोखरीको जमेको पानी नभई गडगडाउँदा नदी रहेको र आफू नमर्दासम्म मुलुकको राजनीतिक उथलपुथल भइरहने अभिव्यक्तिले आउँदो दिनमा राजनीति कतातिर मोडिने विषयमा सन्देश दिन खोजेको रुपमा अर्थ्याउन सकिन्छ । त्यो दिन प्रचण्डले कतै ओलीलाई सचेत गराउन खोजेको त होइन् । 'इतिश्री'

# फेरियो परिवेश, फेरिएन लैंगिक विभेद



चण्डिका तिमल्सिना

मार्च ८ लाई संसारभरि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाइन्छ। विश्व महिला आन्दोलनले हालसम्म प्राप्त गरेका उपलब्धिहरूलाई संस्थागत गर्दै लैङ्गिक समानता र समतामूलक समाज निर्माणको लक्ष्य हासिल गर्न यो दिवसले हामी सबैलाई झक्झक्याउँछ।

नारी मुक्ति आन्दोलनकी प्रणेता क्लारा जेट्किनले सन् १९११ मार्च ८ मा महिला कामदार माथि हुने श्रमशोषणका विरुद्ध आवाज उठाएको दिनको स्मरणमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन थालिएको हो। यसै सन्दर्भमा नेपालमा महिला आन्दोलनको इतिहासका उपलब्धि र नयाँ चुनौतीबारे चर्चा गर्नु वाञ्छनीय हुन्छ।

### नेपालमा महिला आन्दोलनको सुरुवात

महिला आन्दोलनको सुरुवातको कुरा गर्दै गर्दा बिर्सनै नहुने नाम हो योगमाया न्यौपाने। १९२४ सालमा भोजपुरमा जन्मिनुभएकी योगमाया न्यौपाने आफैं बालविवाह जस्तो कुरीतिको सिकार पनि हुनुभएको थियो। योगमायाले त्यतिखेरको समाजमा विद्यमान सती प्रथा, बालविवाह, अनमेल विवाह, जातीय विभेद, दास प्रथा जस्ता कुरीति र अन्यायको विरुद्ध आवाज उठाउनुभयो। जहानियाँ राणाशासनमा सामाजिक न्यायको निमित्त आवाज उठाउन त्यति सजिलो थिएन। तर, उहाँले आवाज उठाइरहनुभयो र तत्कालीन सरकारले सती प्रथालाई रोक लगाए पनि बालविवाह, छुवाछूत प्रथा चलिरहेको थियो।

योगमायाले सती प्रथाको विरोध मात्र हैन, विधवाले पुनर्विवाह गर्न पाउनुपर्छ, महिलाले वेद पढ्न पाउनुपर्छ, बालविवाह अन्त्य हुनुपर्छ जस्ता माग राखेर तत्कालीन सरकारलाई खबरदारी गरिरहनुभयो। योगमायाले चालेको सामाजिक न्यायको आन्दोलनमा सरकारले ठोस कदम नचालेपछि तत्कालीन सरकारलाई चुनौती दिँदै १९९८ साल असार २२ गते हरिशयनी एकादशीका दिन आफ्ना ६६ जना अनुयायी सहित जल समाधि लिनुभयो। तत्कालीन सरकारले योगमाया सहितको सामाजिक न्यायको आन्दोलनलाई कमजोर ठाने पनि योगमायाकै नेतृत्वबाट नेपाली समाजमा सामाजिक न्यायको आन्दोलनको बीजारोपण भयो र योगमायाले सुरुवात गर्नुभएको सामाजिक न्यायको आन्दोलन आज पनि जारी छ।

त्यसैगरी समान कामको समान ज्याला र बराबर अधिकार जस्ता माग राखी २००३ सालमा विराटनगरका महिला मजदुरले गरेको आन्दोलन महत्त्वपूर्ण आन्दोलन थियो। त्यसपश्चात् २००४ सालमा मङ्गलादेवी, सहाना प्रधान लगायत महिलाहरुले नेपाल महिला सङ्घ स्थापना गरेर त्यस मार्फत राणाशासन, बालविवाह, बहुविवाह जस्ता विभेद र असमानताको विरुद्ध लडिरहे। महिला आन्दोलनकै फलस्वरूप २००४ सालको वैधानिक कानुनले महिलालाई निर्वाचनमा मतदान गर्न र उम्मेदवारी दिन पाउने अधिकार प्रदान गऱ्यो। त्यसपश्चात् पनि नेपालमा विभिन्न समयमा भएका राजनीतिक र सामाजिक न्यायको आन्दोलनमा महिलाको भूमिका अग्रणी स्थानमा रह्यो।

सदियौंदेखि महिलामाथि हुँदै आएको विभेद र अत्याचार विरुद्ध अघिल्लो पुस्ताले जुन हिम्मतका साथ लड्यो त्यो निकै गौरवको विषय हो। तर सामाजिक न्यायको आन्दोलन त्यतिमै सकिएको छैन। आज परिवेश भिन्न छ, हिंसाका स्वरूप बदलिएका छन् तर हिंसा र विभेद अझै पनि पूर्ण रूपमा निर्मूल भएको छैन र यसको लागि आजको पुस्ताले अझ धेरै लड्न बाँकी नै छ।

### उस्तै छ महिलामाथिको हिंसा चक्र

महिला आन्दोलनको परिणामस्वरूप आजको समाजमा महिलाको अवस्थामा सकारात्मक परिवर्तन पनि आएको छ। विभिन्न आन्दोलन र अभियानले धेरै अधिकारहरू स्थापित पनि भएका छन्। तर, हिंसाको अन्त्य भएको छैन। हिंसाले स्वरूप फेरेको छ। हिजोको समाजमा महिलामाथिको हिंसा बाहिर आउनै दिइँदैनथ्यो। परिवार, समाज र इज्जतको डरले पीडितहरू मुद्दा बोकेर प्रहरीसम्म पुग्न डराउँथे। तर, आज त्यो अवस्था छैन बलात्कार, यौनजन्य हिंसा, घरेलु हिंसा विरुद्ध अहिले खुल्ला रूपमा बहस हुन्छ र यी मुद्दामा राज्य थोरै गम्भीर पनि भएको देखिन्छ। कडा कानुन पनि बनेका छन् तर कानुनी प्रक्रिया र न्यायको उपचार जटिल र लामो हुने अनि पीडक बलियो र सार्वजनिक पद धारण गरेको व्यक्ति भएको अवस्थामा पीडितले न्याय पाउन हम्मे-हम्मे परेको देखिन्छ।

पीडितलाई नै अपराधीकरण गर्ने र पीडितको इज्जत माथि नै प्रश्न उठाउने कार्यले गर्दा न्याय त्यति सजिलै मिलेको देखिँदैन। दक्षिणएशियाकै चर्चित महिला अधिकारकर्मी तथा लेखक कमला भसिनले भन्नुभएको थियो- पितृसत्ताले महिलाको इज्जत उसको योनिमा हुन्छ भनेर परिभाषित गरिदिएको छ जुन गलत हो। जस्तै कुनै महिला माथि यौनजन्य हिंसा भयो भने यो समाजले महिलाको इज्जत गएको मान्छ, बलात्कारीको इज्जत गएको मान्दैन। खासमा इज्जत जानुपर्ने त अपराधीको हो तर किन पीडितको इज्जत माथि प्रश्न उठाइन्छ? किन बलात्कारीको इज्जत जाँदैन? अनि परिवारको इज्जतका खातिर अपराधका घटना प्रहरीसमक्ष पुग्न नसकेका र पुगेका घटनालाई पनि पीडितलाई दबाब दिएर घटना सामसुम पार्न मिलाउन खोजेका समाचार पनि आइरहेका हुन्छन्। यो विषयमा हाम्रो समाज सिरियस छैन। इज्जतको ठेक्का कहिलेसम्म महिलाले आफ्नो काँधमा बोकिदिनुपर्ने हो?

यो लेख लेख्दै गर्दा चितवनको एक स्कुलले चलाएको छात्रावासमा बस्ने १४ वर्षीया बालिकाको दुःखद् घटना बाहिरिएको छ। मृतक बालिकाले न्याय पाउनेछिन् भन्ने आशा छ तर हरेक घटनामा हामी ढुक्कले न्याय पाइन्छ भन्नेमा विश्वस्त हुँदैनौं। छोरीहरू कहाँ सुरक्षित छन् भनेर म आफैंसँग प्रश्न गरिरहेकी छु। आमाको पाठेघरदेखि परिवारसम्म, विद्यालय, कार्यस्थलदेखि सार्वजनिक स्थलसम्म कहीं पनि छोरी सुरक्षित छैनन्। र यो असुरक्षाको मूल कारण हाम्रै समाज हो।

ढोंगी र दोगलापनको चरम सीमा पार गरेको यो समाजले बलात्कार हुनु भनेको घिसारेर लछारपछार पारेर जबरजस्ती गरेर हत्या गर्नु हो भन्ने बुझ्छ। यदि कोही बलात्कार पीडित जीवित छन् र उनीहरू आफ्नो न्यायको निमित्त आवाज उठाइरहेका छन् भने उनीहरूलाई अनेक लाञ्छना लगाएर बाँच्न गाह्रो पारिन्छ यो समाजमा। अझ पीडक पपुलर छ, सार्वजनिक पद धारण गरेको व्यक्ति छ भने त यो समाजले पीडकलाई फूलमालाले स्वागत गर्छ र पीडितलाई मर्न विवश गराउँछ। यो समाजको दोगलापन विरुद्ध कहिलेकाहीं धेरै आक्रोशले मन पिरोलिन्छ। योनी सहितको शरीर हुनु नै असुरक्षाको कारण हो भन्ने पनि लाग्छ तर होइन। महिलामाथिको जति पनि हिंसा छन् ती सबै हिंसाको एउटै कारण पितृसत्तात्मक नजर सहितको हिंसात्मक चेतना नै हो।

यो समाजमा अझ अर्को एउटा के गलत भ्रम छ भने रातमा घरबाहिर निस्केकाले हिंसा हुन्छ। कतिपय मानिस महिलाले छोटो लुगा लगाउनुलाई बलात्कारको कारण मान्छ। यी सबै बहाना बलात्कारको मानसिकतालाई मलजल गर्ने प्रयास मात्रै हुन्। यहाँ नाबालकमाथि बलात्कार भएको छ अनि छोटा कपडाको लजिक कसरी म्याच गर्छ? घरभित्रै परिवार र आफन्तबाट बलात्कृत भएका छन् अनि रातमा घरबाहिर निस्किनुहुन्न भन्ने लजिकले कसरी काम गर्छ?

अझ एक समयमा बलात्कार विरुद्ध आत्मरक्षाको तालिम जस्ता हलुका विषय पनि चर्चामा आएका थिए। के महिलाहरू आत्मरक्षा गर्न नसकेर मात्र बलात्कृत भएका हुन् र? ८/९ वर्षका बालिका बलात्कृत भएका छन् ७०/८० वर्षका वृद्ध बलात्कृत भएका छन् अनि उनीहरूलाई कस्तो आत्मरक्षाको तालिम दिने? आत्मरक्षाको तालिमको लजिक कस्तो हो, पुरुषहरूलाई हिंसा गर्ने छुट छ उनीहरूले जुनसुकै बेला तिमी छोरीहरूमाथि हमला गर्न सक्छन् त्यही भएर तिमी आत्मरक्षाको लागि तयार हुनुपर्छ भन्न खोजिएको हो कि के हो! जे भएपनि आत्मरक्षाको तालिमले बलात्कार रोक्छ भन्नु भ्रम मात्रै हो।

### संरचना नै समस्या

महिला हिंसाको प्रमुख कारक भनेको हिंसात्मक सोच सहितको समाज र सामाजिक संरचना हो। जबसम्म लैङ्गिकताको जगमा विभेद कायम रहन्छ तबसम्म हिंसा भइरहन्छ। जबसम्म महिला माथिको हिंसालाई इज्जतसँग जोडेर हेरिन्छ तबसम्म हिंसा विरुद्ध आवाज उठाउन कठिन हुन्छ नै। त्यसैले हिंसालाई कम गर्न पहिले त हामीले आफ्नो सोचाइमा परिवर्तन गर्न जरुरी छ। महिलालाई हेरिने नजरिया परिवर्तन गर्न जरुरी छ। अपराध पीडितलाई कानुनी उपचारमा राज्यद्वारा सहयोग र पीडितलाई समाजमा पुनर्स्थापनाको लागि सामाजिक सहयोगको आवश्यकता हुन्छ। बलात्कार भएमा पीडितको होइन अपराधीको इज्जत जान्छ र जानुपर्छ भनेर बुझ्न जरुरी छ।

### रोजगारी र उद्यममा महिलाको अवस्था

रोजगारीको विषयमा महिलाहरूको अवस्था सुधारोन्मुख नै छ। अझै पनि सन्तोषजनक अवस्था भने छैन किनकि धेरैजसो रोचक र आकर्षक पेशामा महिलाहरूको स्थान अझै पनि कम छ। महिला सेक्रेटरी राख्न र रिसेप्सनका लागि खोजिन्छन् तर मेनेजिङ डाइरेक्टरमा आउन लागेको महिलामाथि विश्वास गरिहालिँदैन। नर्सिङ पेशामा धेरै महिला छन् तर डाक्टर महिला कमै छन्। नर्सिङ पेशामा मिहिनेत धेरै छ तर पारिश्रमिक कम।

जनसंख्याको आधारमा पुरुषको तुलनामा महिलाको संख्या बढी भएपनि तुलनात्मक रूपमा उत्कृष्ट पदमा महिलाको सङ्ख्या हुनुपर्ने भन्दा कम नै छ। अझ उद्यमशीलतामा त महिलाको पहुँच निकै नै कम छ। उद्यमशीलताको लागि प्रमुख कडी भनेको पूँजी हो जुन निर्माणको लागि स्रोत-साधनको आवश्यकता पर्छ। स्रोत-साधनको कुरा गर्नुपर्दा पुरुषहरूको तुलनामा महिलासँग पूँजी निर्माणको स्रोतहरू कम छन्। कानुनले पैतृक सम्पत्तिमा समान अधिकार भने पनि व्यावहारिक रूपमा यो लागू भएको छैन। अहिले पनि समाजले छोरालाई मात्र पैतृक सम्पत्तिको हकदार मान्छ र विवाहपश्चात् श्रीमानको सम्पत्तिमा महिलाको हक हुने भनिए तापनि महिलाको नाउँमा घरजग्गा हुने कमै छन्।

# निजी क्षेत्रलाई विश्वासमा लिएर अगाडी बढ्ने उपप्रधानमन्त्री महासेठको प्रतिवद्धता

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले सरकारले निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्ने बताएका छन् । नेपाल तयारी पोशाक उद्योग सङ्घको २९औँ वार्षिक साधारणसभामा उहाँले निजी क्षेत्रका सबै समस्या समाधान गरिने प्रतिबद्धता व्यक्त गरे ।




सरकार र निजी क्षेत्रका बीच सहकार्य बिना मुलुकले फड्को मार्न नसक्ने उल्लेख गर्दै उपप्रधानमन्त्री महासेठले भने, “देश बनाउने तपाईं हामीले नै हो, मुलुकको आर्थिक अवस्था सबल बनाउन सबैको सहकार्य आवश्यक छ। “मुलुकको आर्थिक अवस्थालाई बलियो बनाउन सरकार केन्द्रित भएको बताए । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले स्वदेशी उत्पादनले बजार नपाउनाको कारण खोजेर समाधान गर्नुपर्ने बताए ।

यसका लागि आफ्नो मन्त्रालय निजी क्षेत्रसँगै रहेको उनले बताए । “निजी क्षेत्रसँग नजिकबाट सहकार्य गर्न सरकार तयार छ,” मन्त्री भण्डारीले भने । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको अर्थतन्त्रलाई सबल बनाउन सत्ता पक्ष र प्रतिपक्ष एक ठाउँमा उभिनुपर्नेमा जोड दिए । उनले निजी क्षेत्रलाई सरकारले विश्वासमा लिनुपर्छ भने। प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले तयारी पोशाक तथा कृषिजन्य उत्पादनको निर्यात सहजीकरण गर्न, मुलुकमा लगानीको वातावरण निर्माण गर्न सुझाव दिए। उनले निजी क्षेत्रलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा लैजान नदिने प्रतिबद्धता व्यक्त गरे ।

प्रतिनिधिसभा, उद्योग-वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिका सदस्य एवं सङ्घका सदस्य गणेश पराजुलीले नेपालको निर्यातजन्य वस्तुको प्रमुख हिस्सा तयारी पोशाक रहेको उल्लेख गर्दै निर्यातमा सहजीकरण गर्न सरकारसँग आग्रह गरे । उनले निर्यातमा अनुदान दिने व्यवस्थालाई थप व्यवस्थित बनाउन सुझाव पनि दिए । प्रतिनिधिसभाको उद्योग-वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिका सदस्य सीता मिजारले उद्योग व्यवसायलाई राज्यले संरक्षण गर्नुपर्नेमा जोड दिँदै निकासी प्रवर्द्धनमा ध्यान दिन आग्रह गरे । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले तयारी पोशाक उद्योग मुलुकको अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेकाले यो क्षेत्रको विकासमा ध्यान दिन अनुरोध गरे । सन् २०२६ मा नेपाल विकासशील मुलुकमा स्तरोन्नति हुने क्रममा रहेकाले नेपाली उत्पादनलाई विश्व बजारमा पुऱ्याउन थप सहयोग आवश्यक भएको उनले बताए । नेपाल उद्योग परिसङ्घका वरिष्ठ उपाध्यक्ष वीरेन्द्रराज पाण्डेले अर्थतन्त्रलाई चलायमान बनाउन व्यवसायमैत्री मौद्रिक नीति ल्याउन सुझाव दिए । आगामी आर्थिक वर्षको बजेटमा निजी क्षेत्रले दिएको सुझाव कार्यान्वयन गर्न आग्रह गरे ।नेपाल तयारी पोशाक सङ्घका अध्यक्ष पशुपतिदेव पाण्डेले तयारी पोशाक उद्योगलाई प्रवर्द्धन गर्न नीतिगत सुधार, प्रक्रियागत सरलीकरण तथा व्यावसायिक वातावरण बनाउनुपर्नेमा जोड दिए । सन् १९८७ मा स्थापना भएको सङ्घमा एक सयभन्दा बढी तयारी पोशाक उद्योगी आबद्ध छन् । तयारी पोशाक उद्योग क्षेत्रमा ४० हजार रोजगारी सृजना भएको सङ्घले जनाएको छ ।गत आवमा भारत तथा तेस्रो मुलुकमा करिब रु नौ अर्ब बराबरको तयारी पोशाक निर्यात भएको सङ्घले जनाएको छ। तयारी पोशाक प्रमुख निर्यातजन्य वस्तुको सूचीमा छ। गलैंचा प्रथम र तयारी पोशाक दोस्रो स्थानमा रहेको सङ्घका अध्यक्ष पाण्डेले जानकारी दिए ।

त्यस अवसरमा उपप्रधानमन्त्री महासेठले सन् २०२२/२३ मा भारत तथा तेस्रो मुलुकमा सबैभन्दा बढी तयारी पोशाक निर्यात गर्ने तीन उद्योगलाई सम्मान प्रदान गरेका थिए । सो अवधिमा ट्राई क्रट इन्डस्ट्रिजले रु एक अर्ब १७ करोड, नेपाल फेसन प्रालिले रु ६६ करोड र पल्स फेसन सोलुसन प्रालिले रु ४३ करोडको तयारी पोशाक निर्यात गरेको थियो ।सङ्घको कार्यसमितिमा १० वर्षभन्दा बढी समय सेवा गरेका पदाधिकारी एवं सदस्यलाई सम्मान गरिएको थियोभने प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले साधारणसभाको सफलताको कामना गर्दै पठाएको शुभकामना सन्देश सुनाइएको थियो ।

# महिला सशक्तीकरणमा एमाले अग्रणी रहेको ओलीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले महिला सशक्तीकरण र जागरणका लागि आफ्नो पार्टी अग्रणी भूमिकामा रहेको बताएका छन् । एक सय १४औँ अन्तरराष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा मोतिदेवी स्मृति केन्द्रद्वारा शनिबार आयोजित सम्मान, विमोचन र वृत्तचित्र प्रदर्शनीमा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओलीले सामाजिक रुपान्तरण, महिला जागरण र सामाजिक न्याय प्राप्तिका अभियानमा एमाले अग्रस्थानमा रहिनैरहने बताएका हुन् ।



अध्यक्ष ओलीले व्यवस्था परिवर्तन भयो, अवस्था परिवर्तन भएन भन्ने हल्ला सत्य होइन भन्दै अहिले विभिन्न तीन तहमा सम्पूर्ण जनप्रतिनिधिमध्ये ४० प्रतिशत महिला हुनु र राज्यका निकायका ३३ प्रतिशत महिला आरक्षण हुनुजस्ता विषयलाई उपलब्धिपूर्ण मान्नुपर्ने बताए । त्यस अवसरमा पूर्वप्रधानमन्त्री ओलीले ‘सङ्घर्षशीलयोद्धाहरू’कोलोकार्पण गरे भने सामाजिक रूपान्तरणकर्ता, उत्कृष्ट शोधार्थी र कम्युनिष्ट आन्दोलनमा योगदान गरेकालाई सम्मानित गरे। शनिबार सम्मानित हुनेमा प्रेरणादायी महिलामा धम्मावती गुरुमा, युवा वैज्ञानिक रोजिता बुद्धाचार्य, वाइल्ड लाइफ फोटोग्राफर विनिता भण्डारी, उद्यमी सावित्री थापा, समाजसेवी शान्ति चड्डा, राजनीतिककर्मी सोना छेदुङ लामा, साहसिक बस चालक रेणुका थापा, दुर्गमकी चिकित्सक तुल्सी शाही, सामाजिक अभियन्ता सोनिया सदाय र मानव बेचबिखनविरोधी अभियानकर्ता चरिमाया तामाङ छन् ।केन्द्रका अध्यक्ष अष्टलक्ष्मी शाक्यले आफ्ना निजी स्वार्थ त्यागेर समाज रुपान्तरण र महिला जागरणमा योगदान गरेका महिलालाई भविष्यमा पनि सम्मान गरिने जानकारी दिए । नेपाल कम्युनिष्ट पार्टीका एक संस्थापक मोतिदेवी श्रेष्ठको स्मृतिमा उक्त केन्द्र स्थापना भएको हो ।

# रक्तदानलाई अभियानकै रुपमा निरन्तर सञ्चालन गर्नुपर्छ : सञ्चारमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले रक्तदानलाई अभियानकै रुपमा सञ्चालन गर्नुपर्ने बताएकी छन् । ब्लड डोनर्स एसोसिएसन नेपालको आयोजनामा शनिबारदेखि सुरु भएको दोस्रो अन्तरराष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै उनले स्वयंसेवी रक्तदाताको संख्या बढाउन सरकारी र गैरसरकारी क्षेत्रबाट निरन्तर अभियान सञ्चालन गर्नुपर्ने बताईन् । रक्तदानसम्बन्धी चेतना जागृत गर्न सरकारले ध्यान दिने बताउँदै सरकारले प्रदान गर्ने लोककल्याणकारी विज्ञापनमा रक्तदानसम्बन्धी चेतनामूलक सामग्री थप्ने प्रतिबद्धता व्यक्त गरिन् ।




मन्त्री शर्माले अन्य सार्वजनिक सूचना र सन्देशमा पनि यसलाई अनिवार्य गरिने बताईन् । दाताले रगत निःशुल्क दान गरे पनि प्रशोधनलगायत सेवा शुल्क लिँदा रगत लिनेले शुल्क तिर्नुपर्ने बाध्यता रहेकाले त्यसलाई हटाउन आवश्यक बजेट व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयमार्फत सहयोग गरिने मन्त्री शर्माले बताईन् । सामान्य अवस्थामा पनि रगत आवश्यक पर्ने उल्लेख गर्दै उनले हाम्रो देश विपद्को जोखिममा रहेकाले आपत्कालीन रगत व्यवस्थापनलाई समग्र विपद् व्यवस्थापनकै एउटा पाटोका रुपमा जोडेर लैजानुपर्ने बताईन् ।

रेडक्रस, ब्लड डोनर्स एसोसिएसनजस्ता सामाजिक संस्थाले नेपालमा रगत व्यवस्थापनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेकामा त्यसको सराहना गर्दै सरकारका प्रवक्ता मन्त्री शर्माले त्यसलाई देशकै अभियानका रुपमा निरन्तर सञ्चालन गर्नुपर्ने बताईन् ।

# कांग्रेसले राष्ट्रियसभा अध्यक्षमा उम्मेदवारी दिने

**टुडे समाचारदाता**

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले राष्ट्रियसभा अध्यक्षमा उम्मेदवारी दिने निर्णय गरेको छ ।



पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा शनिबार बसेको पार्टीका पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकले आसन्न राष्ट्रियसभा अध्यक्ष निर्वाचनमा पार्टीका तर्फबाट उम्मेदवार दिने निर्णय गरेको हो। बैठकले राष्ट्रियसभा अध्यक्षका लागि पार्टीका तर्फबाट उम्मेदवारी दिने निर्णय गरेको पार्टीका पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसीले जानकारी दिए । कांग्रेसले पार्टीका तर्फबाट राष्ट्रियसभा अध्यक्ष तथा उपाध्यक्षमा कसलाई उम्मेदवार बनाउने भन्नेबारे भने अहिले निर्णय नलिइसकेको उनको भनाइ छ ।

यसैगरी, बैठकले राष्ट्रियसभा अध्यक्षमा सहयोग खोज्न विपक्षमा रहेका अन्य दलसँग परामर्श गर्ने निर्णय गरेको नेता केसीले बताए । शनिबारको बैठकमा बदलिँदो परिस्थिति र नयाँ गठबन्धनपछिका बारेमा छलफल भएको थियो । संसद्मा पार्टीका तर्फबाट निर्वाह हुने भूमिकाबारे समेत बैठकमा छलफल भएको नेता केसीले बताए ।

# एमाले अनुशासन आयोगको प्रशिक्षण

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)को केन्द्रीय अनुशासन आयोगले उपत्यका विशेष प्रदेश कमिटी र बागमती प्रदेश कमिटीका लागि प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।सबै प्रदेश कमिटीका लागि अनुगमन तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने आयोगको निर्णयबमोजिम दुई प्रदेश कमिटीका प्रशिक्षण सम्पन्न भएको हो ।

प्रशिक्षणमा आयोगका अध्यक्ष केशवप्रसाद बडालले पार्टी, सङ्गठन, अनुशासन र नेतृत्व विषयमा र आयोगका सचिव प्रा डा भरत पहारीले अनुशासन र आचारसंहिता विषयमा प्रशिक्षण दिएका थिए । प्रशिक्षणमा सहभागीहरूले व्यक्तिगत तथा सम्पत्ति विवरण अद्यावधिक गराउनका साथै पार्टीको नीति, सिद्धान्त, विधान र निर्णय कार्यान्वयन गराउन आग्रह गरेका थिए ।

# सन्त नेता किशुनजीको जीवनबाट सबैले प्रेरणा लिनुपर्छः उपसभापति



**टुडे समाचारदाता**

सुर्खेत । नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले सन्त नेता कृष्णप्रसाद भट्टराईको जीवनबाट सबैले प्रेरणा लिनुपर्ने बताएका छन् ।

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा प्रदेश पार्टी कार्यसमितिले निर्माण गर्न लागेको सन्त नेता कृष्णप्रसाद भट्टराई स्मृति भवनको शनिबार शिलान्यास गर्दै उपसभापति खड्काले किसुनजीको आदर्श, निष्ठा, अनुशासन र आम नेपाली जनताप्रति समर्पित र अनुशासित हुने व्यवहारको अनुसरण गर्नुपर्ने बताएको उनको सचिवालयले जनाएको छ ।

“सामाजिक र राजनीतिक जीवनमा समर्पित भएका मानिसहरुको जीवनपद्धति कस्तो हुनुपर्दछ, उनीहरुको आचार र विचार कस्तो हुनुपर्दछ भन्ने कुरा पार्टीका संस्थापकमध्येका एक सन्त नेता किशुनजीबाट हामीले सिक्नु आवश्यक छ”, उनले भने। मुलुकको जिम्मेवारी लिँदा कसरी जनताप्रति समर्पित भएर काम गर्नु पर्दछ भन्ने अनुपम, अनुकरणीय उदाहरण किसुनजीले दिएर जानुभएको उनको भनाइ छ ।

> सामाजिक र राजनीतिक जीवनमा समर्पित भएका मानिसहरुको जीवनपद्धति कस्तो हुनुपर्दछ, उनीहरुको आचार र विचार कस्तो हुनुपर्दछ भन्ने कुरा पार्टीका संस्थापकमध्येका एक सन्त नेता किशुनजीबाट हामीले सिक्नु आवश्यक छ,
>
> ●●●●

उपसभापति खड्काले राजनीतिक जीवनको अधिकांश समय आफूले सन्त नेताकै शिक्षा दीक्षामा जोडिन पाएको खुसी व्यक्त गरे ।

“उहाँकै नाममा भवन निर्माणको सुरुवात गरेको छ”, उनले भने, “कर्णाली प्रदेशको सिङ्गो पार्टी सञ्चालन गर्न र जनताप्रतिको उत्तरदायी हुन यो शुभ अवसरले प्रेरणा दिनेछ ।”

# नेपाल–जापान सम्बन्धमा नेपाली समाज उदाहरणीय छ : राजदूत

**टुडे समाचारदाता**

टोकियो । जापानका लागि नेपाली राजदूत डा दुर्गाबहादुर सुवेदीले जापानमा रहेको नेपाली समाजले नेपाल-जापान सम्बन्ध विस्तारमा पुऱ्याउँदै आएको योगदान उदाहरणीय रहेको बताएका छन् । दुई देशबीचको सम्बन्ध विस्तारमा जापानस्थित नेपाली समाजले हासिल गरेको उचाईबाट जापान सरकार तथा यहाँको समाजले नेपाली परिचय र पहिचान दिलाउन सफल भएको उनले उल्लेख गरे ।

राजदूत डा सुवेदीले नेपाल-जापानबीचको सांस्कृतिक, धार्मिक र जनस्तरमा सम्बन्ध विस्तारमा यहाँको नेपाली समाजले उल्लेख्य भूमिका निर्वाह गरेको बताए । जापानमा हाल करिब एक लाख ६३ हजारको संख्यामा नेपाली रहेको अनुमान गरिएको छ ।

नेपालीहरु विभिन्न पेसा व्यवसाय, रोजगारी र अध्ययनका सिलसिलामा जापानमा बस्दै आएका छन् ।

उच्च शिक्षा अध्ययन र रेष्टुराँ व्यवसायमा संलग्न नेपालीको संख्या बढी छ । जापानमा हाल करिब ४० हजार नेपाली विद्यार्थी उच्च शिक्षा अध्ययनमा छन् भने करिब आठ सयको संख्यामा नेपाली रेष्टुराँ सञ्चालनमा रहेको बताइएको छ । त्यहाँका रेष्टुराँ नेपाली पहिचान झल्कने रातोमाटो, निम्तो, चिनो, आँगन, हार्दिक, नेपाली खाजाघर जस्ता नामाकरण दिएर सञ्चालन गरिएको पाइन्छ । नेपाली दालभात तरकारीका अलवा कोदो र फापरको ढिँडो, मःमजस्ता परिकार र व्यञ्जनले नेपाली खानालाई जापानमा समेत परिचय गराएको राजदूत डा सुवेदी बताउछन् ।

“जापानमा रहेको नेपाली समाज अन्य देशको तुलनामा सु-सङ्गठित, सुविचारित र समृद्ध हुँदै गएको छ”, राजदूत डा सुवेदीले भने ।

गैरआवासीय नेपाली सङ्गठन (एनआरएन) का पूर्वअध्यक्ष भवन भट्ट तथा मनि एक्सचेन्जका क्षेत्रका ओम गुरुङ, रवीन शेरचन, महेशलाल श्रेष्ठ एवं व्यापार तथा व्यवसाय क्षेत्रमा भूषण घिमिरे, शिवप्रसाद पौडेललगायत जापानमै ख्याति कमाएका व्यक्ति छन् ।

अहिले जापानमा रहने नेपाली कुक अथवा वेटर मात्र नभई विभिन्न क्षेत्र तथा ठूला र स्थापित पेसा व्यवसायमा अघि बढिरहेका छन् ।

जापानमा प्रा डा केशवलाल महर्जन, प्रा डा नेत्रप्रकाश भण्डारी, प्रा डा रमेश पोखरेल, प्रा डा प्रमिला न्यौपानेलगायत प्राध्यापनमा संलग्न छन् । स्वास्थ्यदेखि इन्जिनियरिङ, वातावरणका क्षेत्रसम्ममा समेत विद्यावारिधि गर्ने क्रममा नेपाली विद्यार्थी रहेका छन ।

राजदूत डा सुवेदी भन्छन्, “हामीले गौरव गर्नुपर्छ । नेपालीहरु विद्या र बुद्धिको क्षेत्रमा प्रखररुपमा अघि बढी रहेका छन् । नेपाली प्रकृति, संस्कृति, कला र साहित्यको अनुसन्धानमा त्यतिकै समर्पित छन् ।” नेवारी संस्कृतिमा मात्र नभई नेपालका कुना कन्दरामा पुगेर मगर भाषामा विद्यावारिधि गर्ने समेत जापानी नागरिक रहेका राजदूत डा सुवेदी बताउछन् ।

“नेपालको प्रकृतिदेखि, कला, सङ्गीत, संस्कार, धर्म र संस्कृतिसम्म अनुसन्धान गर्ने जापानी रहेका छन्”, उनले भने । नेपाल-जापानबीचको अनुपम सम्बन्ध र सहयोगलाई जापानले सदासर्वदा उच्च प्राथमिकतामा राख्दैआएको छ । जापानले नेपालको शिक्षा, स्वास्थ्य, सडक, हवाई, सडक, कृषि, पूर्वाधारलगायतका क्षेत्रमा लामो समयदेखि सहयोग पुऱ्याउँदै आएको उनले उल्लेख गरे ।

नेपाल र जापानबीच सन् १९५६ सेप्टेम्बर १ तारिखमा औपचारिकरुपमा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । तर करिब डेढ सय वर्ष अघिदेखिनै दुवै देशबीच सम्बन्ध ऐतिहासिक र प्रगाढ थियो ।

त्यसअघि सन् १८९९ मा जापानका बौद्ध भिक्षु एकाइ कावागुचीले बौद्धधर्म ग्रन्थको अनुसन्धानका सिलसिलामा नेपालको भ्रमण गरेका थिए ।

राणाकालमा आठ विद्यार्थीलाई खनिज, मेकानिकल, खरखजाना, प्रविधि र कृषिबारे उच्च शिक्षा अध्ययनका लागि जापान पठाइएको इतिहास छ। शैक्षिक हिसाबले त्यो घटना निकै महत्वपूर्ण विषय हो ।

तत्कालीन सरकारले ती विद्यार्थीका लागि खाना पकाउने भान्सेसहित पानीजहाज चढाएर अध्ययन गर्न जापान पठाएको थियो। उनीहरु नेपाल फर्कने क्रममा जापानबाट उन्नत जातको गोदावरी फूल र हलुवावेद नेपाल ल्याएको बताइन्छ ।

नेपाल र जापानबीच दौत्य सम्बन्धको नो वर्षपछि टोकियोमा नेपाली दूतावास स्थापना भएको हो । त्यसको लगत्तै जापानले काठमाडौंमा आफ्नो दूतावास खोलेको थियो। नेपालका सबै राजनीतिक परिवर्तनलाई जापान सरकार र जापानी जनताले आत्मसात् गर्दै सम्मान र स्वीकार गर्दैआएका छन् । अनुशासित र मेहनती जनता, नवीनतम उच्च प्रविधिको प्रयोग र शान्त कूटनीतिका माध्यमद्वारा अघि बढिरहेको जापान विश्वका सबै मुलुकका लागि आकर्षण र अध्ययनको केन्द्र बनेको छ ।

कुलेखानी जलविद्युत् आयोजना, महाराजगञ्ज शिक्षण अस्पताल, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको राडार जडान, रेडियो नेपालको भवन, सिन्धुली-बर्दिवास विपी राजमार्ग र नागढुङ्गा सुरुङ नेपालको विकासमा जापानी सहयोगका उदाहरण भएको राजदूत डा सुवदी बताउछन् ।

कुनै रणनीतिक उद्देश्य नराखी केवल नेपाली जनता र नेपालको आर्थिक तथा सामाजिक विकासलाई केन्द्रित गरी जापानले निरन्तर सहयोग गर्दैआएको उनले बताए ।

सरकारीसगै जनस्तरमा रही आएको घनिष्ट र प्रगाढ सम्बन्धकै कारण ठूलो संख्यामा नेपाली जापान पुगेका हुन् ।

विदेशी मुलुकमा नेपाली पाठ्यक्रमका आधारमा पठनपाठन हुँदैआएको टोकियोस्थित एभरेष्ट इन्टरनेसनल स्कुलले पनि जनस्तरमा दुई देशबीचको सम्बन्ध विस्तारमा सेतुको काम गरेको छ। त्यस विद्यालयलाई जापानले अन्तर्राष्ट्रियस्तरको विद्यालयको मान्यता प्रदान गरेको विद्यालयका प्राचार्य विष्णुप्रसाद भट्ट बताउछन् ।

टोकियोस्थित नेपाली समाजकै अग्रसरमातामा खोलिएको सो विद्यालयमा हाल कक्षा १ देखि १२ सम्म नेपालकै पाठ्यक्रमका आधारमा पठनपाठन भइरहेको छ ।



उक्त विद्यालयले नेपाली भाषा, साहित्य, शिक्षा, वेशभूषा, परम्परा, रहनसहन, कला, संस्कृति र सभ्यतालाई विश्वसमुदायमा पुऱ्याउन योगदान पुऱ्याइरहेको संस्थापक सदस्य एवं विद्यालय सञ्चालक समिति सदस्य भूषण घिमिरेले बताए ।

विद्यालयमा हाल जापानीसहित ४५० विद्यार्थी अध्ययनरत छन् ।

टोकियोमा नेपाली पाठ्यक्रमअनुरुप पढाइ हुने विद्यालय सञ्चालन गरी नेपालीपन र नेपाली मन बचाउने कार्यमा नेपाली समाजले गरेको कार्य आदरणीय रहेको राजदूत डा सुवेदीले बताए ।

सन् १९९० मा जापानमा नेपाली समाज गठन भएको हो ।

# साइप्रस हुँदै गाजाका लागि सहायता पठाउने तयारी

**एएफपी**

निकोसिया । अमेरिकी परोपकारी संस्था 'वर्ल्ड सेन्ट्रल किचेन' ले गाजाका लागि साइप्रसको बाटो सहायता पठाउन लागिएको शनिबार बताएको छ।

गाजाबाट सबैभन्दा नजिकको युरापेली सङ्घको सदस्य राष्ट्र साइप्रसको लार्नाका बन्दरगाहमा तीन साताअघि स्पेनको ध्वजाबाहक जहाज 'ओपन आर्म्स' डुबेको थियो ।"'वर्ल्ड सेन्ट्रल किचेन'को टोली साइप्रसमा मानवीय सहायताका सामानहरू उत्तरी गाजातर्फ जाँदै गरेको डुङ्गामा लोड गरिरहेको छ," संस्थाले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ।



"हामी हाम्रो विश्वासिलो गैरसरकारी संस्था साझेदार 'ओपन आर्म्स'सँग समुद्री सहायता करिडोर खोल्नका लागि हप्तौंदेखि तयारी गरिरहेका छौं जसले हामीलाई यस क्षेत्रमा हाम्रो प्रयासलाई विस्तार गर्न अनुमति दिने विश्वास गरिएको छ," विज्ञप्तिमा भनिएको छ।इजरायल-हमास युद्धको पाँच महिनाभन्दा बढी समय बितिसक्दा पनि गम्भीर मानवीय अवस्थाका कारण केही देशले खाद्यान्न र अन्य सहायता ढुवानी गर्न बाध्य भएको गाजाका जनताका लागि आवश्यक सामग्रीले भरिएको बार्ज निर्माण गर्ने योजना रहेको च्यारिटीले जनाएको छ।

"गाजामा मानवीय सामुद्रिक करिडोर स्थापना गर्ने प्रयासमा प्रगति भइरहेको छ, र हाम्रो सयौँ टनले भरिएको जहाज प्यालेस्टिनी नागरिकका लागि खाना, पानी र महत्वपूर्ण आपूर्तिको क्षणको सूचनाका लागि पर्खिरहेको छ," 'ओपन आर्म्स' ले सामाजिक सञ्जाल एक्समा भनेको छ।युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डेर लेयेनले आइतबार लार्नाबाट सामुद्रिक करिडोर खुल्ने आशा व्यक्त गर्नुभएको छ।

उहाँले संयुक्त अरब इमिरेट्स (युएई) को सहयोगमा शुक्रबार 'पाइलट अपरेसन' सुरु गरिने बताउनुभएको छ यसले 'गाजाका जनताका लागि सामानको धेरै ढुवानीमध्ये पहिलो' ढुवानीलाई सुनिश्चत गरेको छ।गाजामा कुनै पनि बन्दरगाहहरू सञ्चालनमा छैनन् र अधिकारीहरूले प्रारम्भिक ढुवानीहरू कहाँ जानेछन्, ती इजरायलद्वारा निरीक्षणको अधीनमा रहनेछन् वा कसले सहायता वितरण गर्नेछन् भन्ने बारे केही बताएनन्।

अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले गाजामा 'अस्थायी स्टेशन' स्थापना गर्ने अमेरिकी योजनामा ६० दिन लाग्ने र त्यसमा एक हजारभन्दा बढी अमेरिकी सैनिक संलग्न हुने जनाएको छ।हमासले अक्टोबर ७ मा दक्षिणी इजरायलमा गरेको अकल्पनीय आक्रमणबाट गाजा युद्ध शुरु भएको थियो।

आक्रमणमा एक हजार १६० जनाको मृत्यु भएको थियो भने करिब २४० जनालाई आक्रमणपछि बन्धक बनाइएको इजरायली तथ्याङ्कले देखाउँछ।

आक्रमणको लगत्तै हमासलाई ध्वस्त पार्ने प्रतिबद्धता व्यक्त गर्दै इजरायलले निरन्तर सैन्य आक्रमण गरेको छ। हमासको नियन्त्रणमा रहेको गाजास्थित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार कम्तीमा ३० हजार ८७८ व्यक्तिको मृत्यु भएको छ।सन् २००५ मा गाजाबाट पछि हटेको तर आफ्नो हवाई क्षेत्र र क्षेत्रीय जलक्षेत्रमा नियन्त्रण कायम राखेको इजरायलले योजनाबद्ध सामुद्रिक करिडोरको 'स्वागत' गरेको बताइएको छ।

# मैत्रीपूर्ण क्रिकेटमा नेपाल हङकङसँग पराजित

**टुडे समाचारदाता**

काठमाण्डु । मैत्रीपूर्ण टी-२० क्रिकेटमा नेपाल हङ्कडसँग पराजित भएको छ । हङ्कडले नेपाललाई ७३ रनले पराजित गरेको हो । हङ्कडमा शनिबार भएको खेलमा टस जितेर पहिला ब्याटिङ गर्दै हङ्कडले निर्धारित २० ओभरमा छ विकेटको क्षतिमा दुई सय १२ रन बनायो। दुई सय १३ रनको लक्ष्य पाएको नेपालले १६ दशमलव चार ओभरमा सबै विकेट गुमाएर एक सय ३९ रनमात्र बनाउन सक्यो। नेपालका लागि विनोद भण्डारीले २२ बलमा ४१ रन जोडे। कप्तान रोहितकुमार पौडेलले ३० रन र आरिफ शेखले ३८ रन बनाए।



यसअघि हङ्कडका लागि बाबर हयातले अर्द्धशतकीय पारी खेले । उनले ४९ बलमा तीन चौका र १३ छक्काको मद्दतमा एक सय १० रन बनाए। यस्तै मार्टिन कोइत्जीले ३१ र अंशी राथले ३९ तथा अजिज खानले अविजित २१ रन बनाए । बलिङतर्फ नेपालका लागि आजैको खेलमा टी-२० क्रिकेटमा डेब्यु गरेका आकाश चन्दले तीन विकेट लिए । त्रिकोणात्मक सिरिज खेल्न नेपाली टोली बिहीबार हङ्कङ गएको थियो । नेपाल, हङकङ र पपुवा न्यूगिनीबीच यही फागुन २७ गतेदेखि त्रिकोणात्मक टी-२० आई सिरिज सुरु हुँदैछ । त्यसअघि नेपालले शनिबार हङ्कडसित एउटा मैत्रीपूर्ण खेल खेलेको हो। त्रिकोणात्मक सिरिजमा नेपालले पहिलो खेल फागुन २७ गते हङ्कडसँग खेल्ने छ। यस्तै नेपालले फागुन २९ गते पपुवा न्यूगिनीसँग खेल्नेछ। फागुन ३० गते त्रिकोणात्मक सिरिजको फाइनल खेल हुने छ।

नेपाली टोलीमा रोहितकुमार पौडेल (कप्तान), कुशल भुर्तेल, विनोद भण्डारी, गुलशन झा, सन्दीप जोरा, आरिफ शेख, विवेक यादव, राशिद खान, करण केसी, सागर ढकाल, प्रतिश जिसी, लोकेश बम, आकाश चन्द र अविनाश बोहोरा छन् । नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोली त्रिकोणात्मक शृंखला खेल्नका लागि बिहीबार हङ्कङ गएको हो।

# माल्दिभ्स भ्रमण गर्ने भारतीय पर्यटकको संख्यामा एक तिहाइ कमी

**एएनआई**

माले। गत वर्षको तुलनामा यो बर्ष माल्दिभ्स भ्रमण गर्ने भारतीय पर्यटकको सङ्ख्यामा ३३ प्रतिशतले कमी आएको माल्दिभ्सको पर्यटन मन्त्रालयको तथ्याङ्कलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।



नयाँ दिल्ली र मालेबीचको कुटनीतिक सम्बन्धमा तनाव आएसँगै माल्दिभ्स आउने पर्यटक संख्यामा पनि कमी देखिएको हो। सन् २०१९ को मार्च सम्ममा २७ हजार २२४ जना भारतीय पर्यटक आएका थिए । पर्यटन मन्त्रालयको सन् २०२३ को तथ्याङ्कअनुसार सन् २०२३ को मार्च ४ सम्ममा माल्दिभ्समा ४१ हजार ५४ भारतीय पर्यटकले भ्रमण गरेका थिए। माल्दिभ्सको अधाधु अनलाइनका अनुसार यो बर्षको पहिलो दुई महिनामा २७ हजार २२४ भारतीय पर्यटक माल्दिभ्स पुगेका छन्। गत वर्षको तुलनामा यो संख्या १३ हजार ८३० ले कम हो।

गत वर्षको पहिलो दुई महिनाको अवधिमा माल्दिभ्समा पर्यटकका लागि भारत १० प्रतिशत बजार हिस्साका साथ दोस्रो ठूलो स्रोत थियो। यद्यपि, यो बर्ष भारतीय पर्यटकको संखया छ प्रतिशतका साथ सूचीको छैटौं स्थानमा रहेको छ।माल्दिभ्सका तीन उपमन्त्रीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको लक्षद्वीप भ्रमणको तस्बिरलाई लिएर अपमानजनक टिप्पणी गरेपछि दुई देशबीच कुटनीतिक विवाद उत्पन्न भएको थियो। भारतीय प्रधानमन्त्री मोदीले भारतीय टापु समूहलाई समुद्र तट पर्यटन र आन्तरिक पर्यटन प्रवर्द्धनका लागि गन्तव्यका रुपमा विकास गर्न आह्वान गर्नुभएको थियो।

नयाँ दिल्लीले माल्दिभ्सका राजदूतलाई बोलाएर भाइरल पोस्टको कडा विरोध गरेपछि यो विषयले ठूलो कूटनीतिक विवाद निम्त्याएको थियो। तीनै जना उपमन्त्रीलाई निलम्बनमा राखिएको छ।यस वर्षको सुरुमा माल्दिभ्सको पर्यटन उद्योगका सरोकारवाला अधिकारीले भारतमा बहिष्कार अभियानलेगति लिएको र लोकप्रिय भारतीय फिल्म स्टारहरूको समर्थन प्राप्त गरेकोमा चिन्ता व्यक्त गरेका थिए।

माल्दिभ्स एसोसिएसन अफ ट्राभल एजेन्ट्स एण्ड टुर अपरेटर्स (माटाटो) ले भारतीय पाहुनाको बुकिङ रद्द गर्दा परेको असरबारे सर्वेक्षण गरेको थियो तर उक्त निष्कर्ष सार्वजनिक गरिएको थिएन ।सन् २०२१/०२३ सम्म माल्दिभ्स पुग्ने भारतीय पर्यटकको सङ्ख्या दुई लाखको हाराहारीमा रहेको छ। यद्यपि, यस वर्ष अहिलेसम्म सबैभन्दा बढी अर्थात् ५४ हजारभन्दा बढी चिनियाँ पर्यटकहरूको आगमनको भएको र माल्दिभ्सको पर्यटनका लागि चीन नै शीर्ष बजार भएको छ।

# पश्चिमी इन्डोनेसियामा बाढी र पहिरोमा १० को मृत्यु १० बेपत्ता

**सिन्ह्वा**

जकार्ता । पश्चिम सुमात्रा प्रान्तको पेसिसिर सेलाटनको इन्डोनेसियाली रिजन्सीमा बाढी र पहिरोका कारण कम्तिमा दश जनाको मृत्यु भएको शनिबार स्थानीय विपत् व्यवस्थापन निकायले जनाएको छ। उक्त घटनामा अन्य दश जना बेपत्ता भएका छन्।

भएको वर्षापछि भएको डुबानले बाटो पुरिएकोले विपत्का कारण छुट्टिएका गाउँलेहरूलाई मद्दत गर्न डुङ्गाहरूको परिचालन गरी उद्धार शुरू भएको उहाँले बताउनुभयो।

गुसरिजलका अनुसार ४५ हजार भन्दा बढी मानिसहरू सेलाटानका विभिन्न स्थानमा अस्थायी आश्रयस्थलमा



पेसिसिर सेलाटन विपत् न्यूनीकरण एजेन्सीका प्रमुख डोनी गुस्रीजलले एक विज्ञप्तिमा उद्धारकर्ताहरूले अझै पनि अन्य बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेको उल्लेख गर्नुभयो। बाढी र पहिरोबाट प्रभावितहरूलाई उद्धार गरिरहेका छन्।शनिबार बिहानसम्म बसिरहेका छन्। बर्षा कारण २० हजारभन्दा बढी घर डुबानमा परेको र कम्तीमा आठ वटा पुल भत्किएका छन् ।बिहीबारदेखि यस क्षेत्रमा परेको भारी वर्षाले गर्दा धेरै गाउँहरूमा पुग्ने सडक अवरुद्ध भएको छ भने स्थानीयहरू विद्युतविहीन भएका छन्।

# मैत्रीपूर्ण खेलमा नेपाली सेनाको वज्रदल विजयी



**टुडे समाचारदाता**

जानकी। महाशिवरात्रि तथा दुई सय ६१औं सेना दिवसका अवसरमा बाँकेको राँझास्थित वज्रदल गणले आयोजना गरेको मैत्रीपूर्ण खेलमा नेपाली सेनाले एकका विरुद्ध दुई गोल गर्दै विजयी भएको छ । शनिबार आयोजित मैत्रीपूर्ण खेलमा नेपाल प्रहरीलाई एकका विरुद्ध दुई गोलले हराउँदै वज्रदल गण विजयी भएको हो।

वज्रदल गणका तर्फबाट सुमन थारूले आठ मिनेटमा एक गोल गरेका थिए भने सोही गणका निरज खातीले एक गोल गरेका थिए । त्यसैगरी, जिल्ला प्रहरी कार्यालय बाँकका तर्फबाट अनिल चौधरीले खेलको सत्रौं मिनेटमा एक गोल गरेका थिए।

यसैगरी, उक्त मैत्रीपूर्ण भलिबल खेलमा वज्रदल गणले नै विजय हासिल गरेको छ । वज्रदल गण र बाँकेको सशस्त्र प्रहरी बल नेपाल नं ३० गण मख्यालय वागिश्वरीबीच भएको भलिबल खेलमा २५-१७, २५-१४ को सेटले सशस्त्रलाई पराजित गर्दै वज्रदल गणले जित हात पारेको हो। प्रतियोगिताका विजयी खेलाडीलाई जिल्ला न्यायाधीश भीष्मराज प्रसाईंले नगद रु १० हजार पुरस्कार प्रदान गर्नुभएको थियो। विभिन्न संस्थालाई सम्मान गरिएको थियो।

मैत्रीपूर्ण फुटबल र भलिबल खेलको उद्घाटन सत्रमा न्यायाधीश प्रसाईं, बाँकेका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेल, चार नम्बर वाहिनीका वाहिनीपति सहायकरथी प्रकाश थापा, वज्रदल गणका गणपति प्रमुख सेनानी रवीन श्रेष्ठ, बाँके प्रहरी प्रमुख प्रहरी उपरीक्षक सुबासचन्द्र बोहोरा, सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक विमल डाँगी, राष्ट्रिय अनुसन्धान बाँकेका प्रमुख ओम खड्कालगायत उपस्थित थिए।

# दक्षिण कोरियामा माछा मार्ने डुङ्गा पल्टिँदा छ जना बेपत्ता



**एएफपी**

सियोल । इन्डोनेसियाली नागरिकसहित नौ जना सवार दक्षिण कोरियाली माछा मार्ने डुङ्गा शनिबार देशको दक्षिणी तटमा पल्टिँदा छ जना बेपत्ता भएको स्थानीय अधिकारीले बताएका छन्।

दक्षिण कोरियाली योनहाप समाचार संस्थाका अनुसार २९ टन क्षमताको डुङ्गा शनिबार बिहान तटीय शहर तोङ्योङको एक टापुबाट ६८ किलोमिटर दक्षिणमा सुमुद्रमा पल्टिएको थियो ।कोरिया कोस्ट गार्डको टोङ्योङ कार्यालयले एएफपीलाई दिएको जानकारीअनुसार चालक दलका तीन सदस्यलाई उद्धार गरिएको छ तर सबै अचेत अवस्थामा छन् ।"हामी अझै पनि हराइरहेका छ जनाको खोजी गरिरहेका छौं," सरकारी अधिकारी ली हो-जुनले भन्नुभयो।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले सम्बन्धित अधिकारीहरूलाई 'नौसेना र माछा मार्ने डुङ्गाहरू सहित सबै उपलब्ध कर्मचारी र उपकरणहरू परिचालन गरेर जीवन बचाउन सक्दो प्रयास गर्न' निर्देशन दिनुभएको छ।योनहापका अनुसार डुङ्गा बिहीबार बिहान देशको दक्षिणी टापु जेजुबाट छुटेको र त्यसपछि माछा मार्ने काममा व्यस्त थियो।

# अपहरीत २५० विद्यार्थी उद्धार गर्न सेना परिचालन

**एएफपी**

कानो। नाइजेरियाको उत्तरपश्चिममा रहेको एक विद्यालयबाट बन्दुकधारीले अपहरण गरेका २५० भन्दा बढी विद्यार्थीहरूलाई उद्धार गर्न सेना परिचालन गरिएको छ।



कादुना राज्यमा भएको उक्त घटना एक हप्तामा भएको दोस्रो सामूहिक अपहरण हो । पछिल्ला केही बर्षहरूमा उक्त क्षेत्रमा सशस्त्र आपराधिक गिरोहले गाउँ, विद्यालय तथा राजमार्गहरूमा फिरौती भुक्तानीको खोजीमा पीडितहरूलाई लक्षित गर्ने गरेका छन्। कादुना राज्यका स्थानीय सरकारी अधिकारीहरूले बिहीबार अपहरणको पुष्टि गरेका छन्। यद्यपी उनीहरूले कति बालबालिकाहरू अपहरण भएका छन् भन्ने तथ्याङ्क भने दिएका छैनन् । आक्रमणका क्रममा कम्तीमा एक जनाको गोली हानी मृत्यु भएको स्थानीय बासिन्दाहरूले बताएका छन्।

जीएसएस कुरीगा विद्यालयका शिक्षक सानी अब्दुल्लाहीले बन्दुकधारीहरूले बिहीबार हवाई फाएर गरी विद्यालयका कर्मचारी र धेरै विद्यार्थीहरू लिएर गएको बताउनुभयो । उहाँका अनुसार स्थानीय अधिकारीलाई १८७ जना विद्यार्थीहरू विद्यालयबाट र अन्य १०० जना प्राथमिक कक्षाहरूबाट अपहरण गरेका थिए । स्थानीय बासिन्दाले करिब २८० जना बालबालिका र शिक्षक अपहरणमा परेको बताएका छन्।

एक स्थानीय अगुवाका अनुसार डाकुहरूले गोली चलाएको र आफुहरू भेला हुँदासम्म बच्चाहरूलाई जम्मा गरी भागेका थिए।

सुरक्षा प्रमुखहरूबाट दुई घटनाको बारेमा जानकारी प्राप्त गरेपछि तत्काल उनीहरूको उद्धाका लागि निर्देशन दिएको राष्ट्रपति बोला टिनुबुद्वारा जारी एक विज्ञप्तिमा उल्लेख गरिएको छ। बालबालिकाको उद्धारका लागि सेना परिचालनका लागि आदेश दिएको र छिट्टै सेना उक्त क्षेत्रमा पुग्ने उहाँले बताउनुभयो।

अप्रिल २०१४ मा बोको हरामका लडाकुहरूले बोर्नो राज्यको चिबोकबाट २५० भन्दा बढी विद्यार्थी अपहरण गरेपछि उक्त घटनाको अन्तर्राष्ट्रियस्तरमा व्यापक आलोचना भएको थियो । तीमध्ये केही बालिका अझै बेपत्ता छन् ।बोर्नोमा गत हप्ताको सामूहिक अपहरणपछि १०० भन्दा बढी मानिसहरू बेपत्ता भएको प्रत्यक्षदर्शीहरूले बताएका थिए । तर प्रहरी र स्थानीय प्रशासनले कुरीगा विद्यालयबाट अपहरणमा परेका बालबालिकाको तथ्याङ्क सार्वजनिक गरेको छैन । अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिन्केनले शुक्रबार एक्समा एक पोस्टमा कादुनामा भएको अपहरणको निन्दा गदै यस्ता भयानक आक्रमणका लागि जिम्मेवारहरूलाई कानुनी दायरामा ल्याउन र हिंसा तथा अपहरणजस्ता घटनालाई नियन्त्रण गर्न नाइजेरिया सरकारसँग आग्रह गर्नुभएको छ।

संयुक्त राष्ट्र बाल कल्याण एजेन्सी (युनिसेफ)ले पनि बिहीबारको आक्रमणको निन्दा गर्दै विद्यार्थीहरूको सुरक्षाका लागि सरकारसँग आह्वान गरेको छ ।युनिसेफ नाइजेरियाका निर्देशक क्रिस्टियन मुन्डुएटले विज्ञप्तिमा विद्यालयहरू डर र हिंसाका स्थलहरू नभई शिक्षा र विकासको आधार बन्नुपर्ने बताउनुभयो।

# चीनमा उपभोक्ताको मूल्य छ महिनामा पहिलो पटक फेब्रुअरीमा बढ्यो

**एएफपी**

बेइजिङ। अगस्टपछि पहिलो पटक फेब्रुअरीमा चीनको उपभोक्ता मूल्य वृद्धि भएको शनिबार सार्वजनिक तथ्याङ्कले देखाएको छ।


बेइजिङस्थित राष्ट्रिय तथ्याङ्क विभाग (एनबीएस) का अनुसार उपभोक्ता मूल्य सूचकाङ्क गत महिना हुने अनुमान गरेका थिए ।सन् २०२१ पछि पहिलो पटक जुलाईमा चीनमा गिरावट आएको उपभोक्ता मूल्य तथा सेवामा अगस्टमा केही समयका लागि सन्तुलन आएपनि त्यसयता मूल्यमा निरन्तर गिरावट आएको छ।

परम्परागत रूपमा चिनियाँ नयाँ वर्षको अवधिमा उपभोक्ता मूल्यमा वृद्धि हुन्छ,



०.७ प्रतिशतले बढेको छ। यो अगस्टपछिको पहिलो वृद्धि हो भने जनवरीमा उपभोक्ता मूल्य सूचकाङ्क ०.८ प्रतिशतले घटेको थियो ।ब्लुमबर्गले गरेको सर्वेक्षणमा विश्लेषकहरूले ०.३ प्रतिशतले वृद्धि तर यस वर्षको फेब्रुअरीमा यसको मूल्यमा कमी आएको थियो। एनबीएसका अनुसार फेब्रुअरीमा उत्पादक मूल्यमा २.७ प्रतिशतले गिरावट आएको छ।

# कृषक परम्परागत खेती छाडेर कफीखेतीमा



**टुडे समाचारदाता**

गुल्मी । गुल्मीमा परम्परागत कृषि पेसा गर्दै आएका कृषक आजभोलि कफीखेतीमा लागेका छन् । जिल्लाको मदाने गाउँपालिका-३ अन्तर्गत सिर्सेनीस्थित तोरेटाका कृषकले बारीमा मकै र कोदो लगाउन छोडेर कफीखेती सुरु गरेका हुन् । यहाँका कृषकको रोजाई यतिबेला परम्परागतरूपमा उत्पादन गरिने मकै र कोदोलाई छाडेर कफीखेतीमा परेको छ । प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाले कृषकलाई व्यावसायिकरूपमा कफीखेती गर्न उत्प्रेरित गरेको हो ।

परियोजनाले कृषकलाई कफीको उत्पादन र महत्वबारे जानकारी गराउँदै खेतीका लागि अनुदान उपलब्ध गराउन सुरु गरेपछि कृषक कफीखेतीमा आकर्षित बनेका हुन् । परम्परागत खेतीबाट बादर, बदैंल, दुम्सी तथा चराचुरुङ्गीबाट हैरानी खेप्दै आइरहेका अवस्थामा कफीखेती कृषकको लागि अन्य बाली उत्पादनको तुलनामा थप सजिलो बनेको छ ।सिर्सेनीका कृषकले समूहमार्फत गाउँमा तीनधारे कफी उत्पादन कृषक समूह गठन गरेका छन् । तीन वर्षअघि गठन भएको उक्त संस्थामार्फत यहाँका प्रत्येक घरधुरीले व्यावसायिकरूपमा कफीखेतीको सुरुआत गरेका हुन् । प्रत्येक घरमा ५० देखि दुई हजारसम्म कफीका बोट छन् । तीन वर्षअघि रोपेका बोटले फल दिन सुरु गरेपछि कृषक उत्साहित बनेका छन् । सिर्सेनी टोरेटाका कृषक मेघलाल अर्याल यस क्षेत्रमा सबैभन्दा धेरै कफी लगाउने कृषकमध्येमा पर्नुहुन्छ । उनको बारी यतिबेला दुई हजारभन्दा कफीका बोटले ढपक्कै ढाकेको छ । चाँडै हुर्किएका बोटले उत्पादन दिन सुरु गरेका उनले बताए ।

“विगतमा मकै र कोदो रोप्दै आएका बारीहरू अहिले सबै कफीले ढपक्क ढाकेका छन्”, अर्यालले भने, “दश रोपनी जग्गामा सबै कफी लगाएको छु ।” उहाँजस्तै सोही गाउँका शशिधर अर्यालले सुरुमा बिरुवा हुर्काउन समस्या परे पनि अहिले कफीखेतीले आशा जगाएको बताए । परियोजना गुल्मीकी प्रमुख गङ्गाकुमारी पोखेलले व्यावसायिक कफीखेतीको विस्तारका लागि कार्यालयकातर्फबाट बिरुवा, मल, सिँचाइ, छहारीका लागि नेटजालीलगायतमा अनुदान उपलब्ध गराउँदै आइएको बताए । साथै गाउँमा कफी पाठशाला सञ्चालन गरेर कृषकलाई व्यावसायिक र प्राविधिक ज्ञान दिने गरिएको उनले जानकारी दिए ।जिल्लामा कफीखेतीमा कृषकको आकर्षण बढे पनि समयसमयमा देखिने गवारो, ढुसी र डढुवा सङ्क्रमणका कारण कफीका बोटमा क्षति पुग्ने गरेको कृषकले गुनासो गर्दै आएका छन् । समयमै यस्ता समस्याको समाधान गर्नसकेमा जिल्लामा व्यावसायिकरूपमा कफीखेती गर्ने कृषकको संख्यामा उल्लेखनीयरूपमा वृद्धि हुने जिल्ला समन्वय समिति गुल्मीका प्रमुख दोर्णबहादुर खत्रीले बताए । गुल्मीमा अहिले दुई सय ४१ हेक्टर क्षेत्रफलमा कफीखेती गरिँदै आएको कृषि ज्ञानकेन्द्रले जनाएको छ । जिल्लामा आर्थिक वर्ष २०७९/८० मा ३० मेट्रिकटन कफी उत्पादन भएको थियो । सोअन्तर्गत आठ टन ग्रिनबिन मात्र तेस्रो मुलुकमा निर्यात भएको छ । पछिल्लो समयमा कृषि ज्ञानकेन्द्र, प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना, कफी विकास केन्द्र आँपचौर, कफी अनुसन्धान केन्द्रलगायत कार्यालयका साथै स्थानीय तहले जिल्लामा रहेका कृषकलाई कफीखेतीमा लाग्न प्रेरित गर्दै आइरहेका छन् ।

# ललितकला प्रदर्शनीमा युवाको आकर्षण

**टुडे समाचारदाता**

लुम्बिनी । बुटवल उपमहानगरपालिका-१५ सेमलारस्थित नवरत्न माध्यमिक विद्यालयमा १० कक्षामा अध्ययनरत युवराज तरामु एउटा चित्रले दिने सन्देश समाज परिवर्तनका लागि निकै महत्वपूर्ण हुने बताउनुहुन्छ ।



बुटवलमा सञ्चालित लुम्बिनी प्रादेशिक ललितकला प्रदर्शनीमा अवलोकनका लागि आउनुभएका तरामुले कलाले समाजका हरेक पक्षलाई उजागर गर्ने र तथ्य स्पष्ट पर्ने भएकाले चित्रकलाको सन्देश महत्वपूर्ण हुने बताए । प्रदर्शनीमा राखिएका विविधखाले चित्रकलाको अवलोकनले आफूमा पनि चित्रकलाको चासो र ज्ञान बढेको उनले बताए । बुटवलस्थित रुपन्देही उद्योग सङ्घको सभाकक्षमा यही फागुन २२ गतेदेखि आयोजना गरिएको प्रदर्शनी अवलोकनका लागि आउने दर्शक सबै तहका रहे पनि युवा तथा विद्यार्थीमा चासो र जिज्ञासा बढी देखिएको छ । बौद्धिक वर्गले विश्लेषणात्मकरुपले अध्ययन गर्ने गरेको आयोजकले जनाएको छ ।नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान लुम्बिनी प्रदेश समन्वय समितिको आयोजनामा सञ्चालित प्रथम लुम्बिनी प्रादेशिक ललितकला प्रदर्शनीमा सन्देशमूलक कलाकृति राखिएका छन् ।

दर्शकले हेर्दा स्पष्ट बताउन सक्ने खालका महत्वपूर्ण र ऐतिहासिक तस्बिर प्रदर्शनका लागि राखिएका प्रज्ञा-प्रतिष्ठान मूर्तिकला विभाग प्रमुख तथा प्रादेशिक प्रदर्शनीका संयोजक प्राज्ञ दिनेश्वर महतोले बताए । उहाँका अनुसार हालसम्म करिब १५ हजारभन्दा बढी व्यक्तिले प्रदर्शनीको अवलोकन गरेका छन् ।प्रदर्शनीमा लुम्बिनी प्रदेशका एक सय २४ कलाकारबाट निर्मित दुई सय कलाकृति राखिएका संयोजक महतोले बताए । अवलोकनका लागि आउने हरेकले कलाकृति हेर्दै सकारात्मक प्रतिक्रिया तथा सुझाव दिएका उनको भनाइ छ । संयोजक महतोले दर्शकले ललितकला प्रदर्शनी मानव सभ्यता र विकासका लागि अतिमहत्वपूर्ण भएकाले स्थानीय, प्रदेश र सङ्घ सरकारले सङ्ग्रहालय बनाउनुपर्ने सुझाव दिए । प्रदर्शनीमा कवि गोष्ठी तथा कलासम्बन्धी अन्तर्क्रिया, विद्यालयस्तरीय चित्रकला कार्यशाला एवं प्रदर्शनी, विद्यार्थीबीच मूर्ति बनाउने प्रत्यक्ष प्रस्तुतीकरण पनि गरिएको थियो । यस्ता खालका प्रदर्शनीले पढ्ने विद्यार्थी र कलासम्बन्धी खोज अनुसन्धान तथा जिज्ञासा राख्नेलाई लाभदायी र प्रेरणा योग्य हुने प्रदर्शनीका सहआयोजक तथा नेपाल व्यावसायिक कलाकार सङ्घ रुपन्देहीका अध्यक्ष दिलीप रसाइलीले बताए ।

यस्ता प्रदर्शनीले यस क्षेत्रको कलाको संरक्षण, प्रवर्द्धन, प्रचारप्रसार गर्नुका साथै कलाकारको सम्मान पनि हुने प्रदेश समन्वय समितिका सदस्य सचिव एचबी रम्तेलले बताए । उनले प्रतिष्ठानले सातै प्रदेशमा ललितकलाको प्रदर्शन गरेको भन्दै प्रादेशिक प्रदर्शनबाट छनोट भएका कलाकृतिलाई राष्ट्रिय ललितकला प्रतिष्ठानमा समावेश गरिने जानकारी दिए । उत्कृष्ट प्रादेशिक ललितकला पुरस्कार, प्रादेशिक ललितकला विशेष पुरस्कार, उत्कृष्ट विद्यार्थी ललितकला प्रादेशिक पुरस्कारलगायत विभिन्न विधामध्येबाट एक जनालाई रू ५० हजार पुरस्कार प्रदान गरिनेछ ।

चित्रकला विधामा परम्परागत र समसामयिक चित्रकला, परम्परागत लोक मूर्तिकला, आधुनिक मूर्तिकला, शिल्पकला, हस्तकला, लोक कला, वास्तुकला तथा अन्य सिर्जनात्मक कलाका विधामध्येका विजेतालाई रू ३० हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।प्रादेशिक प्रदर्शनीबाट छानिएका कलाकृतिलाई आगामी २०८१ जेठ १५ गते राष्ट्रिय ललितकला प्रतिष्ठानमा सहभागी गराई सातै प्रदेशबाट कलाकृतिबीच प्रतिस्पर्धाका आधारमा सर्वोत्कृष्टलाई रू एक लाख नगद र विधागत उत्कृष्टलाई रू ६० हजार नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

# उद्यमी मेलामा स्थानीय उत्पादनलाई प्राथमिकता

**टुडे समाचारदाता**

दमौली । तनहुँको दमौलीमा शुक्रबारदेखि सुरु भएको महिला उद्यमी मेलामा स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको छ । महिला उद्यमी सङ्घ तनहुँको आयोजनामा दमौलीको खुला मैदानमा सुरु भएको मेलामा तनहुँका अतिरिक्त मुस्ताङबाटसमेत महिला उद्यमीले स्थानीय उत्पादन बिक्रीवितरणका लागि ल्याएका छन् । मेलामा तनहुँभित्रका सङ्घमा आबद्ध विभिन्न इकाइबाट महिलाका अतिरिक्त मुस्ताङको घरपझोङ गाउँपालिका-३ बाट स्थानीय उत्पादन बिक्री वितरणका लागि ल्याइएको छ । मार्फा, फलफूल तथा तरकारी प्रशोधन उद्योगका सञ्चालक सुकुना रसाइलीले मुस्ताङमा उत्पादित विभिन्न सामग्री बिक्री वितरण तथा प्रदर्शनीका लागि ल्याएको जानकारी दिए । उनले भने, “महिला उद्यमीले उत्पादन गरेका सामग्री बिक्री वितरण गर्ने कार्यक्रम हुँदैछ भन्ने जानकारीमा आएपछि दमौली आइपुगेका हौँ । मेलामा मुस्ताङमा उत्पादित अर्गानिक सामग्री बिक्रीका लागि राखिएका छन् ।

” रसाइलीका अनुसार सिस्नोको पाउडर, जिम्बु, आलुको चिप्स, रातो मकै, टिमुरको छोप, स्याउको जुस बिक्रीका लागि राखिएको छ । मेलामा हालै मात्र सीप सिकेर साबुन बनाएका महिलाले झोल साबुन बिक्रीका लागि राखेका छन् । म्याग्दे गाउँपालिकाको सहयोगमा सीप सिकेका महिलाले आत्मनिर्भर बन्दै आयआर्जनका लागि झोल साबुन बिक्रीका लागि राखेका हुन् । मेलामा व्यास नगरपालिका-११ महिलाले थाकलबाट बनाइएको टोपी प्रदर्शन तथा बिक्रीका लागि राखेका छन् ।

अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर सङ्घले पहिलो पटक व्यापार प्रदर्शन एवं प्रवर्द्धन मेला आयोजना गरेको हो । महिला उद्यमीले उत्पादन



गरेका सामग्री बिक्री वितरण गर्ने उद्देश्यसहित मेला आयोजना गरिएको सङ्घकी अध्यक्ष निर्मला मल्लले जानकारी दिए । उत्पादित सामग्रीको बजारीकरणमा सहयोग पुऱ्याउन मेलाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनको भनाइ छ । अध्यक्ष मल्लले भने, “परम्परागत सीप र पेसालाई प्रवर्द्धन गर्न र स्थानीय उत्पादन बिक्रीका लागि मेला सहयोगी हुने विश्वास लिएका छौँ । यसले महिला उद्यमीलाई थप प्रोत्साहन हुनेछ ।” उहाँका अनुसार मेलामा ५० स्टल रहेका छन् । मेलामा होजियारी, हस्तकला, कृषिजन्य सामग्री बिक्री वितरणका स्टल रहेका छन् । मल्लका अनुसार बाहिरबाट खरिद गरेर ल्याइएका सामग्री बिक्री वितरण गर्न नपाइने र स्थानीयस्तरमा उत्पादित वस्तुमात्रै बिक्री गर्न पाइनेछ । तीन दिनसम्म चल्ने मेलामा करिब ४० हजार दर्शक रहने आयोजकको अनुमान छ । मेला सम्पन्न गर्नका लागि करिब रू सात लाख खर्च हुनेछ । लोप हुँदै गएका परम्परागत सामग्रीको पहिचान र बजारीकरणका लागि मेलाले सहयोग पुग्ने महिला उद्यमी सङ्घ दुलेगौडा इकाइ अध्यक्ष तुलसी शाहले बताए । उनले भने, “अहिलेका पुस्तालाई परम्परागत सामग्रीका बारेमा जानकारी छैन । त्यसका लागि पनि मेलाले सहयोग पुग्नेछ ।”

# उत्पादनले बजार नपाउँदा महिला उद्यमी मर्कामा

**टुडे समाचारदाता**

ढोरपाटन । बागलुङको तमानखोला गाउँपालिका-३ तमान गाउँका १५ जना उत्साहित महिला मिलेर ढाका उद्योग सञ्चालन गरे । उनीहरुले निरन्तर ढाका बुन्न थाले तर आफ्ना उत्पादनले बजार नपाउँदा अहिले निरास बनेका छन् ।



उत्पादित ढाकाले गोदाम भरिँदै गए पनि माग निकै कम हुने गरेको छ । ती सामग्री बेच्न उहाँहरु कहिले बुर्तिबाङ बजार त कहिले म्याग्दीसम्म पुग्नुहुन्छ । लाखौँको लगानीका सामग्री गोदाममै थन्किएका उहाँहरुको गुनासो छ । तमान गाउँको कल्याण आमासमूहले सञ्चालन गरेको उद्योगमा हाल १५ जना महिला आबद्ध छन् । विसं २०७५ मा सङ्गम परामर्श केन्द्र बागलुङले १५ दिने प्रशिक्षण दिएपछि उनीहरुले उद्योग सञ्चालन गरेका हुन् । प्रारम्भमा रु ४५ हजार लगानीमा सुरु गरिएको उद्योगबाट अहिले करिब रु सात लाखको सामग्री तयार भएका छन् । आफ्ना उत्पादनले बजार नपाउँदा आफैँले बोकेर ग्राहक खोज्दै हिँड्नुपर्ने बाध्यता भएको समूहकी अध्यक्ष टीकादेवी बुढा घर्तीले राससलाई बताए ।

उद्योगबाट ढाकाको सल, टोपी, लुङ्गी, दोसल्ला, खादालगायत सामग्री उत्पादन गर्ने गरेको उनको भनाइ छ । विगतको तुलनामा उत्पादनले बजार पाए पनि सोचेअनुसारको नहुँदा समस्या भएको घर्तीले बताए । बिहान बेलुका घरका कामधन्दा गर्ने र दिउँसोको समय निकालेर उद्योगमा काम गर्दै आएको भन्दै उत्पादनले बजार नपाउँदा दुःख लाग्ने घर्ती बताउछिन् । उद्योगमा एक जनाले महिनाको ३५/४० हजारको सामग्री तयार गर्ने गरेको सुनाउँदै बिक्री नहुँदा एक हजार पनि कमाउन मुस्किलपर्ने उनले गुनासो गरे ।

“फुर्सदको समयमा काम गर्छौं राम्रो बजार हुन्थ्यो भने पूरै समय दिएर काम गर्ने थियौँ, तर समय निकालेर काम गर्दा पनि धेरै कपडाहरु बनाएका छौँ, एक जनाले हजारौँको काम गर्छौं, तर बिक्री नहुँदा कहिले त एक हजार पनि पाउन मुस्किल छ”, उनले भने, “सामानले कोठा भरिएका छन्, कहिलेकाहीँ नजिकैका ग्राहकहरु आएर सामान लैजानु हुन्छ, टाढाबाट भने आउनुहुन्न, बजार पाउन गाह्रो भएको छ ।”

समूहमा काम गर्दै आएकी जुनुमाया घर्तीमगरले सुरुमा निकै उत्साहित भएर काम गरेको भन्दै अहिले उत्पादनले बजार नपाउँदा जाँगर मर्दै गएको बताए । आफूहरु विस्तारै राम्रो हुँदै जानेमा आशावादी भने रहेको उनको भनाइ छ । समयसमयमा गाउँपालिकाले प्रयोजनका लागि खरिद गरेर प्रोहोत्सान गरे पनि बजारीकरणका लागि पहल हुन नसकेको उनले बताए । सरकारले बजारीकरणको व्यवस्थापन गरिदिए अझै धेरै महिलाले यसबाट स्वरोजगार हुने उनी बताउछन् ।

उनले भने, “गाउँमा घुम्न आउनेले राम्रो लागेर टोपी, लुङ्गी, खादा र दोसल्ला किनेर लैजानुहुन्छ तर सोचेअनुसार बिक्री भएको छैन । समय मिलाएर हामी बजारमा पुग्छौँ, गाउँमा जान्छौँ, मेलापर्वमा अलिअलि बिक्री हुन्छ, बजारको मात्रै समस्या छ, अरु सबै हामीले मिलाएका छौँ ।”

तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले महिला उद्यमीलाई मेशिनलगायत अन्य सहयोग गरिएको भन्दै बजारीकरणका लागि पहल थालेको बताए । समयसमयमा महिला उद्यमीहरुलाई प्रोत्साहन गर्दै आएको भन्दै उनले गाउँदेखि सहरसम्म आयातीत सामानको बढ्दो प्रयोगले स्थानीयस्तरमा उत्पादित वस्तुले बजार नपाएको बताए । उद्यमीलाई बजार खोज्दै हिँड्नुपर्ने बाध्यताको अन्त्य गर्ने उनी बताउछन् ।

“पालिकाकोतर्फबाट सुरुमा मेशिन सहयोग गरिएको छ, पालिकाकै सहयोगमा भवन निर्माण पनि भइरहेको छ, उहाँहरुलाई हामीले प्रथामिकताका साथ सहयोग गर्दै आएका छौं यहाँका उत्पादनलाई हामीले प्राथमिकतामा राखेका छौँ, हामीले महिला उद्यमीलाई निरन्तर सहयोग गर्नेछौँ, मेला महोत्सवमा सामान बिक्रीका लागि लैजान यातायात खर्च र स्टल खर्चको बेहोर्ने योजना पनि बनाएका छौँ, उद्योगलाई थप व्यवस्थित बनाउनका लागि पालिकाले अध्ययन गरिरहेको छ”, उनले भने ।

# माछाका भुरा उत्पादनमा समस्या

**टुडे समाचारदाता**

गोदावरी । कैलालीको गेटामा रहेको मत्स्य विकास केन्द्रमा माछाका भुरा उत्पादनमा समस्या भएको छ । जीर्ण संरचनाका कारण माछाका भुरा उत्पादनमा समस्या भएको हो । वर्षौंअघि निर्माण गरिएका ह्याचरी पोखरी जीर्ण हुनुका साथै तथा भुरा राख्न नयाँ पोखरी निर्माण नहुँदा माछाका भुरा उत्पादन गर्न समस्या भएको मत्स्य विकास केन्द्र गेटाका निमित्त प्रमुख निर्मलबहादुर खातीले जानकारी दिए । बीस बिघा जमिनमा फैलिएको मत्स्य विकास केन्द्रमा ४२ पोखरीमा माछाका भुरा उत्पादन हुँदै आएको थियो । यहाँ प्रारम्भमा सात प्रकारका माछाका भुरा राख्ने पोखरी निर्माण गरिएका थिए । निमित्त प्रमुख खातीका अनुसार माछा उत्पादनका लागि १७ नर्सरीको व्यवस्था गरिएको छ । भुरा उत्पादन गरी सुपथ मूल्यमा बिक्री गरिँदै आएको छ । मत्स्य विकास केन्द्र हाल ह्याचरी, फिङ्गर र फ्राई माछाका भुरा उत्पादन गर्दै आएको छ । झण्डै पाँच दशक वर्षअघि निर्माण गरिएका ह्याचरी पोखरीको मर्मत गर्न सकिएको छैन । भुरा राख्न नयाँ पोखरी निर्माण गर्नुपर्ने निमित्त प्रमुख खातीले बताए । “बजेट अभावले जीर्ण संरचना मर्मत गर्न सकिएको छैन”, उनले भने । मत्स्य विकास केन्द्रले गत आर्थिक वर्षमा तीन करोड २० लाख ह्याचरी भुरा उत्पादन गरिएकामा चालु आव २०८०/८१ मा चार करोड ह्याचरी भुरा उत्पादन गर्ने लक्ष्य छ । तीस कट्ठा जग्गामा नयाँ पोखरी निर्माण गर्न सकिने निमित्त प्रमुख खातीले बताए । उनले भने, “क्षेत्र विस्तार भएपछि आठ करोड भुरासम्म उत्पादन गर्न सकिन्छ । सुदूरपश्चिमका लागि ७० प्रतिशत माछाका भुराको आपूर्ति गर्न सकिन्छ ।” प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले तीन वर्षअघि निर्माणका लागि ठेक्का गरेको आधुनिक ह्याचरीको काम बजेट अभावमा पूरा हुन सकेको छैन् । सो ह्याचरीको काम पूरा गर्न सकियो भने एक वर्षमा आठ करोड भुरा उत्पादन गर्न सकिने केन्द्रले जनाएको छ । प्रदेश सरकारले बजेट विनियोजन नगरेकाले नयाँ संरचना थप गर्न समस्या भएको हो । मत्स्य विकास केन्द्रले एक लाख भुरा रु दुई हजार पाँच सयमा बिक्री गर्दै आएको छ । केन्द्रमा उत्पादित माछाका भुरा सुदूरपश्चिमका नौवटै जिल्लासहित बाँके, बर्दियालगायत जिल्लामा बिक्री गरिँदै आएको छ ।

# फर्मा एक्स्पोबाट औषधि व्यवसायी उत्साहित

**टुडे समाचारदाता**

चितवन । भरतपुरको चितवन प्रदर्शनी केन्द्रमा सुरु भएको नवौँ नेपाल फर्मा एक्स्पो २०२४ बाट औषधि व्यवसायी उत्साहित भएका छन् । शुक्रबार उद्घाटन सत्रमा सरकारी अतिथि वक्ताले नेपाली औषधि व्यवसायका क्षेत्रमा देखिएका समस्या समाधान गर्न तयार भएको बताएपछि उनीहरु उत्साहित भएका हुन् । नेपाली औषधि उत्पादक सङ्घ (एपोन)ले आयोजना गरेको उक्त एक्स्पोको उद्घाटन गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डा विकास देवकोटाले नेपालको भूगोल, परिवेश र हावापानीमा हुने रोगलाई दृष्टिगत गरेर औषधि उत्पादन गरे स्वदेशी उत्पादनको खपत बढ्ने बताए । सरकार र निजी क्षेत्रबीच खाडल रहेको भन्ने भ्रम चिर्दै सकारात्मक रुपमा अघि बढ्न उनले आग्रह गरे । औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले एक्स्पोले हाम्रो औषधि उत्पादनको क्षमता प्रदर्शन गरेको उल्लेख गर्दै सबैले सफा नियतले काम गर्नुपर्ने बताए । उनले उत्पादक,




चिकित्सक र राज्यले नेपाली औषधिलाई सकारात्मक दृष्टिले हेर्नुपर्ने बताए । एपोनका निवर्तमान अध्यक्ष प्रज्वलजङ्ग पाण्डले औषधिका आधारभूत कुरामा अल्झनभन्दा विश्व बजारमा कसरी पुऱ्याउन सकिन्छ भन्नेबारे छलफल गर्नुपर्ने बताए । एपोनका पूर्वअध्यक्ष उमेशलाल श्रेष्ठले खुला अर्थ बजारमा मूल्य नियन्त्रित नहुने भन्दै नेपालको खुला बजारमा औषधिलाई नियन्त्रणमा राख्न नहुने बताए । औषधिको मूल्य बजारले नै निर्धारण गर्ने उनको भनाइ थियो । नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा अनिलविक्रम कार्कीले औषधि उद्योगलाई दिगो बनाउन चुनौती रहेको बताए । उनले औषधि उद्योगलाई दिगो बनाउनका लागि नीतिभन्दा पनि नियत खराब रहेकाले फस्टाउन समस्या रहेको बताए । कार्यक्रममा आयुर्वेद औषधि उत्पादक सङ्घका अध्यक्ष सुमन पाण्डे, नेपाल औषधि व्यवसायी सङ्घ (एनसिडिए)का अध्यक्ष प्रकाशकुमार खण्डेलवाल, नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष हेमराज ढकाल, चितवन उद्योग सङ्घका पूर्वअध्यक्ष राजु पौडेल, एफिनका अध्यक्ष पदम खड्का, नेपाल केमिकल एण्ड मेडिकल सप्लायर्सका भक्त हमाल, नेपाल फर्मास्युटिकल एसोसिसनका अध्यक्ष ललितमोहन पन्थ लगायतले नेपाल औषधि व्यवसायबारे आ-आफ्ना धारणा राखेका थिए । एक्स्पो संयोजक प्रभात रुङ्गटाले ‘नेपालमा औषधि उद्योगको विकास तथा दिगोपनको संवाहक’ भन्ने मूल नाराका साथ एक्स्पो सुरु भएको बताए । यही फागुन २७ गतेसम्म सञ्चालन हुने उक्त एक्स्पोमा १६० कक्ष रहेका छन् । नेपाल, भारत, सिङ्गापुर, बङ्गलादेश, अमेरिका, जर्मनी, चीनलगायत देशले औषधि उत्पादनमा प्रयोग गर्ने उपकरण, प्रयोगशाला, कच्चापदार्थ र नेपाली औषधि उद्योगले बनाएको औषधिका कक्ष राखिएका छन् । नेपाली उद्योगले उत्पादन गरेका औषधि विश्व बजारसँग प्रतिस्पर्धा गर्न सक्षम छन भन्ने बुझाउन एक्स्पो आयोजना गरिएको सङ्घका उपाध्यक्ष सन्तोष बरालले बताए ।

# भरत ताल निजी लगानीकर्ताको आकर्षणको केन्द्र

**टुडे समाचारदाता**



मलंगवा । सर्लाहीको बाग्मती नगरपालिकाले निर्माण गरेको भरत तालमा आन्तरिक तथा बाह्य पर्यटकहरूको घुइँचो बढेपछि निजी क्षेत्रहरूको लगानीमा सेवा सुविधाहरू थप गरिएको छ । २ वर्षअघि तालमा बोटिङको मात्रै सुविधा रहेकोमा अहिले जिपलाइन, वाटरसाइकल, स्काइ साइकलिङ, उँट र घोडामा चढेर तालको वरपर अवलोकन गर्ने र वृद्धवृद्धाहरूका तथा बालबालिकाहरूलाई मिनी रेल, सर्वसाधारणहरूका लागि फोटो खिच्न र भिडियो बनाउन क्यामरामेनको समेत व्यवस्था गरिएको छ।

वाग्मती नगरपालिकाले निजी क्षेत्रसँगको सहकार्यमा चालु आर्थिक वर्षदेखि पर्यटकहरूका लागि एक दर्जनभन्दा धेरै सुविधाहरू थप गरेको छ। जसका कारण दैनिक हजारौंको संख्यामा ताल घुम्न आन्तरिक तथा बाह्य पर्यटकहरूको भीड लाग्ने गरेको छ।

भरत ताल घुम्न आएकी बारा जीतपुरसिमरा-२१ की सीता केसीले बोटसँगै तालमा स्काई साइकलिङ, वाटर बाइक, उँट, घोडा चढेर घुम्न सक्ने सुविधा थप भएपछि झनै रमाइलो भएको बताएकी छन् । 'पहिला पहिला आउँदा यहाँ बोट मात्रै थियो, अहिले धेरै विकास भएको रहेछ । यहाँ आउँदा विदेशमा घुमेको जस्तो लाग्यो,' केसीले भनिन् ।

भरत ताल घुम्न आएका बर्दिबासका अवधेश कुमार यादवले पनि विगतको तुलनामा भरत तालमा धेरै सुविधा थपिएको बताए। '२/३ वर्षदेखि लगातार आइरहेको छु । अहिले धेरै सुविधाहरू थपिएपछि झनै रमाइलो भएको छ,' यादवले भने।

वरपरको भूभागसहित भरत ताल २२१ बिगाहा क्षेत्रफलमा फैलिएको छ । नेपाली तथा अङ्ग्रेजी नयाँ वर्ष, शनिवार र अन्य सार्वजनिक बिदाको दिन यहाँ पर्यटकहरूको भीड लाग्ने बोटिङ सञ्चालक सुशीलकुमार वाइवाले जानकारी दिए।

उनले नगरपालिकासँग सम्झौता गरेर ८० प्रतिशत रकम कम्पनी र २० प्रतिशत रकम नगरपालिकाको खातामा जम्मा हुने गरी टिकट बिक्री भइरहेको बताएका छन् । तालमा बोटिङ चढ्दा ठूलो जहाजमा ५ सय सानो डुङ्गामा ३ सय रुपैयाँ शुल्क लाग्ने गर्दछ। भरत तालमा ५ वटा घोडा र एउटा उँट, एउटा मिनी रेल पनि सञ्चालनमा छ जसमा पर्यटकहरू चढेर घुम्ने, फोटो खिच्ने र भिडियो बनाउने गर्दछन्।

पर्यटकहरूका लागि उँट सञ्चालन गर्दै आएका रामलक्ष्यण साहले उँट चढ्न बालबालिकाको लागि ५० र ठूलो व्यक्तिको लागि सय रुपैयाँ शुल्क लाग्ने बताएका छन् । उनले शनिबार र बिदाको दिन थेग्नै नसक्ने गरी भीड लाग्ने गरेको बताए।

पर्यटकहरूका लागि सञ्चालनमा रहेको रेलमा भने एक पटकमा १६ जनासम्म चढ्न मिल्छ। जसका लागि प्रतिव्यक्ति एक सय रुपैयाँ शुल्क लाग्दछ।

रेलको टिकट काट्दै आएका वाग्मती नगरपालिकाका कर्मचारी प्रेमबहादुर विश्वकर्माले प्रतिव्यक्ति टिकटमा २० प्रतिशत रकम नगरपालिकालाई बुझाउने गरेको बताए। 'सय रुपैयाँमा २० रुपैयाँ नगरपालिकालाई दिनुपर्छ ८० रुपैयाँ हामीलाई हुन्छ,' विश्वकर्माले भने। भरत तालमा वाग्मती नगरपालिकाले टिकट काट्नकै लागि २५ देखि ३० जना कर्मचारी खटाएको छ। मधेश प्रदेशको एक मात्रै मानव निर्मित भरत ताल आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि मुख्य आकर्षण केन्द्र बनेको छ भने वाग्मती नगरपालिकाको राजस्व सङ्कलनको मुख्य स्रोतसमेत भएको छ ।

चालु आर्थिक वर्षको ६ महिनामा नगरपालिकाले बोटिङबाट मात्रै १ करोड भन्दा धेरै राजस्व सङ्कलन गरेको छ भने सवारी साधन पार्किङ शुल्क बापत ५० लाख भन्दा बढी राजस्व सङ्कलन गरेको वाग्मती नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जनाए।

उनले तालसँगै आश्रित रहेर ५ सयभन्दा धेरै स्थानीयले प्रत्यक्ष रोजगारी पाएको बताएका छन् । 'अहिले हाम्रो नगरपालिकाको राजस्व सङ्कलनको मुख्य श्रोत भनेकै भरत ताल हो, निजी क्षेत्रसँगको सहकार्यमा हामीले अहिले धेरै सेवा सुविधाहरू थप गरेका छौं,' प्रमुख प्रशासकीय अधिकृत पुरीले भने 'अब हाम्रो योजना पिकनिक स्थल, जंगबहादुर राणाको परिचय खुल्ने जंगे पार्क, चिडियाखाना बनाउने योजना छ। यसका लागि बजेट अभावले अलि समस्या भएको छ।'

भरत ताल रौतहट र सर्लाही जिल्लाको सिमाना पूर्वपश्चिम राजमार्गबाट दुई किलोमिटर दक्षिणतर्फ पर्दछ । प्रमुख प्रशासकीय अधिकृत पुरीले भरत तालले मधेश प्रदेशकै पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएका छन्।

पछिल्लो समय भारतको विहार र देशभरबाट पर्यटकहरूको ओइरो लागेको उनले दाबी गरेका छन् । 'भरत ताल अर्बौंको प्रोजेक्टको रूपमा विकास भइसकेको छ। यसमा नगरपालिका एक्लैको लगानीमा भन्दा पनि निजी क्षेत्र र संघीय सरकारको साझेदारी लागतमा काम गर्ने गरी हामीले कानुन बनाएर दाताहरू खोजिरहेका छौं,' पुरीले भने ।

# सशस्त्र प्रहरीको भूमिका प्रशंसनीय : मुख्यमन्त्री यादव



**टुडे समाचारदाता**

जलेश्वर । मुख्यमन्त्री सरोज कुमार यादवले प्रदेशको शासकीय सुव्यवस्थामा सशस्त्र प्रहरीको भूमिका प्रशंसनीय रहेको बताएका छन् ।

सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्मस्ता बाहिनी बर्दिवासमा आयोजित २२ औं स्थापना दिवसको अवसरमा मुख्यमन्त्री यादवले शान्ति सुरक्षाको सबालमा सशस्त्र प्रहरीले खेल्दै आएको भूमिकाको समेत प्रशंसा गरे ।

शान्ति सुरक्षामा अहोरात्र खटने सशस्त्र प्रहरीहरुको न्युन्तम सेवा सुविधा समेत उपलब्ध नभई रहेको प्रति चिन्ता व्यक्त गर्दै मुख्यमन्त्री यादवले त्यस तर्फ अविलम्ब ध्यान दिन संघ सरकारलाई ध्यानाकर्षण समेत गराए ।

उनले भने-'सशस्त्र प्रहरीहरुले न्यूनतम सेवा सुविधा समेत पाउन सकेको छैन । त्यसका लागि संघ सरकारलाई आग्रह गर्दछु ।'

शान्ति सुरक्षाका लागि आवश्यक स्रोत साधन प्रदेश सरकारले समेत उपलब्ध गराउने आश्वासन दिदै मुख्यमन्त्री यादवले भने-'प्रदेश सरकारले आफनो सामर्थ्यले भ्याए सम्म सहयोग गर्न तयार छ ।'

सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्मस्ता बाहिनी बर्दिवासका बाहिनीपति डिआईजी दीपेन्द्र शाहको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सशस्त्र प्रहरीका एआइजी चन्द्र प्रसाद गौतम, मुख्य न्यायाधिवक्ता वीरेन्द्र ठाकुर, प्रदेश सभा सदस्य शारदा थापा सहित सुरक्षा निकायका प्रदेश स्थित प्रमुखहरु, समाज सेवी, उद्योगी लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न प्रतियोगिताका विजेताहरुलाई मेडल, ट्रफी, एवं उत्कृष्ट प्रहरी कर्मचारीहरुलाई पुरस्कार प्रदान गरिएको थियो ।

# पुलमुनि शव फेला

**टुडे समाचारदाता**

राजविराज । कुनौली-राजविराज सडकखण्डमा पर्ने सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-१ स्थित पुलमुनि एक बेवारिसे पुरुषको शव शनिवार फेला परेको छ । जिल्लाको राजविराज नगरपालिका-१६ बस्ने राजेशकुमार यादवलाई पुलमुनि मृत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ।

पुलमुनि मधेस प्रदेश ३०६१ नम्बरको मोटरसाइकलसहित उनको शव भेटिएकाले दुर्घटनामा परेर ज्यान गएको हुन सकिने प्रहरी नायब उपरीक्षक ढुण्डिराज न्यौपानेले जानकारी दिनुभयो । कुन कारणले कसरी दुर्घटना भयो भन्ने कुरा अहिलेसम्म खुलेको छैन तर घटनाका बारेमा प्रहरीले अनुसन्धान थालिएको छ ।

पुलको तल शव देखेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए । मृतकको पहिचान भएपछि परीक्षणका लागि शव राजविरजस्थित गजेन्द्रनारायण सिंह अस्पताल पठाइएको प्रहरीले जनाएको छ। घटनाबारे अनुसन्धान भइरहेको छ।

# मौलापुरमा अन्तर्राष्ट्रिय कुस्ती प्रतियोगिता



**टुडे समाचारदाता**

गौर । भारतीय अन्तर्राष्ट्रिय गोल्ड मेडलिस्ट महिला पहलवान बबिता फोगाटको उपस्थितिमा रौतहटको मौलापुरमा अन्तर्राष्ट्रिय कुस्ती प्रतियोगिता सम्पन्न भएको छ । मधानी महायज्ञको अवसरमा आयोजित उक्त प्रतियोगिताको अध्यक्षता नगर प्रमुख रीना कुमारी साहले गरेकी थिइन् भने नेपाल र भारतका लोकप्रिय खेलाडीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

पतौरा पुरातात्विक महादेव मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउने र मधानी महायज्ञलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने सङ्कल्पका साथ मौलापुर नगरपालिकाले मधानी महोत्सव आयोजना गरेको छ। कार्यक्रमका दौरानमा बलिउड अभिनेता गोबिन्दा र नेपाली कलाकारले पनि माहौल तताएका थिए।

हिन्दी फिल्म 'दंगल' की वास्तविक खेलाड़ी बबिताको आगमनले मधानी महायज्ञ र मन्दिरको प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने संघीय सांसद प्रभु साहले विश्वास व्यक्त गरे ।

यसैबीच बबिता फोगाटले मौलापुरस्थित पुरातात्विक महादेव मन्दिरमा विशेष पूजा गरेकी छन् । पूजा पश्चात खेलाडी फोगाटले सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले महाशिवरात्रिको अवसरमा पुरातात्विक महादेव मन्दिरमा दर्शन पाउनु आफ्नो सौभाग्य भएको बताइन् । विगतमा मौलापुर क्षेत्रमा बोटो, शिक्षा, स्वास्थ जस्ता आधारभूत आवश्यकता शून्य रहेको तर नगरपालिका स्थापित भएपछि सम्पूर्ण सुबिधा सहज भएको आफूले पाएको भन्दै उनले मेयर साहको भूमिकाको सराहना गरिन् ।

> पाँच दिवसीय महोत्सवको चौथो दिन भने शुक्रवार बलिउड अभिनेता गोविन्दा आहुजा, नेपाली नायक पल साह लगायत दर्जनौं कलाकारहरुले आ-आषनो प्रस्तुति दिएका थिए ।

मौलापुर नगरपालिकाले मधानी महोत्सवको अवसरमा प्रत्येक बर्ष अन्तर्राष्ट्रियस्तरको कुस्ती प्रतियोगिताको आयोजना गर्दै आएको छ । यस पटकको प्रतियोगितामा नेपाल र भारतका तीन दर्जन बढी प्रख्यात खेलाडीको सहभागिता रहेको प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले बताए।

पाँच दिवसीय महोत्सवको चौथो दिन भने शुक्रवार बलिउड अभिनेता गोविन्दा आहुजा, नेपाली नायक पल साह लगायत दर्जनौं कलाकारहरूले आ-आफ्नो प्रस्तुति दिएका थिए।

कार्यक्रमका प्रमुख अतिथि पूर्व मन्त्री तथा आमजनता पार्टीका अध्यक्ष प्रभु साहले गोविन्दा, पल शाह लगायत कलाकारलाई सम्मान गरेका थिए । मौलापुर नगरपालिकाले २०७६ सालदेखि मधानी महोत्सवको आयोजना गर्दै आएको छ।

# १६ औं साधारण सभा सम्पन्न

**रञ्जन यादव**



कलैया। राधाकृष्ण मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको १६ औं साधारण सभा सम्पन्न भएको छ । सधारण सभाको उद्घाटन मधेश प्रदेशका प्रदेश सभा सदस्य देवनारायण चौधरीले गरेका थिए । उद्घाटन कार्यक्रममा बोल्दै प्रदेश सभा सदस्य चौधरीले जनतासँग हातेमालो गरी वन उपभोक्ता समूहहरु बनाउन सकेको खण्डमा मात्र वन संरक्षणमा टेवा पुग्ने वताए।

उनले मध्यवर्ती क्षेत्रभित्र पर्या पर्यटन विकासको प्रशस्त आधारहरु भए पनि त्यसको उचित प्रयोग गर्न सक्नुपर्नेमा जोड दिए। जनजागरण मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष अमृत लाल श्रेष्ठले उपभोक्ता समूहहरुले आफूभन्दा माथिका समितिहरुको कुराहरु नमान्दा सोचे अनुसारको परिवर्तन ल्याउँन नसकिरहेको दुखेसो गरे।

काठको मुल्यलाई बढाएर उपभोक्तालाई दिनु कदापि स्वीकार नहुने उनले तर्क गरे। वन उपभोक्ता समूहरु आफनो दायित्व र अधिकारलाई बुझेर काम गर्नुपर्ने सल्लाह दिए। संस्था कुनै ब्यक्तिको निर्देशनमा नचल्ने भएका कारण समूहगत निर्णयलाई प्रधानता सम्झेर अघि बढ्नुपर्नेमा जोड दिए।

पर्सा राष्ट्रिय निकुञ्जका संरक्षक वन अधिकृत सन्तोष भगतले बन तथा वन्यजन्तुको संरक्षणको लागि वन उपभोक्ता समिति हो भन्ने कुरा उपभोक्ताहरुले बुझ्नुपर्ने धारणा राखे।

काठ उपभोग तर्फ मात्र आफनो ध्यान केन्द्रित गर्दा वन तथा वन्यजन्तुको विकास कही ओझेलमा त परेको छैन् भन्दै चिन्ता ब्यक्त गरे ।

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य क्षेत्र बहादुर श्रेष्ठ(अनिल)ले उपभोक्ता समूहले स्थानीय, प्रदेश र राष्ट्रिय स्तरमा पर्या पर्यटनको काम गरिरहेको जानकारी दिए। उनले बाताबरण संरक्षण गरी मानवजातीको कल्याणको काम गरिरहेकोमा वन संरक्षणमा जुटेका सम्पूर्णलाई धन्यबाद ब्यक्त गरेका थिए।

# रुघाखोकी र ज्वरोका बिरामी

**टुडे समाचारदाता**

मलंगवा । चिसो कम भई गर्मीयाम सुरु भएसँगै सर्लाहीमा मौसमजन्य सङ्क्रमणका बिरामी बढ्न थालेको छ।

चिकित्सकका अनुसार केही दिनदेखि मानिसमा ज्वरो, रुघाखोकी, टाउको दुख्नेजस्ता मौसम परिवर्तनका कारण हुने स्वास्थ्य समस्या बढ्न थालेको छ। विशेष गरी स-साना बालबालिका बिरामी पर्नेक्रम बढेको पाइएको छ।

नगर अस्पताल लालबन्दीका इन्चार्ज डा. रामविश्वास रायले चिसो र गर्मी छुट्टिने याममा बिरामीको चाप बढ्ने बताए । "गर्मी सुरु भएकाले अब क्रमिक रुपमा बिरामी बढ्दै जान्छन्," उनले भने "यो समयमा धुलो, धुँवाको प्रदूषणले पनि मानिसलाई बिरामी पार्छ।"

डा. रायका अनुसार नगर अस्पताल लालबन्दीमा हिजोआज दैनिक २० जना भन्दा बढी बिरामी ज्वरो तथा मौसम परिवर्तनका बेला हुने स्वास्थ्य समस्या लिएर उपचारका लागि आउन थालेका छन् । उनले गर्मी जति बढ्यो बिरामीको चाप पनि उत्तिकै थपिँदै जाने बताए।

प्रादेशिक अस्पताल मलङ्गवाका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. नवलकिशोर झाले प्रादेशिक अस्पतालमा पनि ज्वरो र रुघाखोकीका बिरामीको संख्या वृद्धि हुन थालेको जानकारी दिए। "ज्वरो र रुघाखोकीका बिरामी दैनिक पाँच/सात जना थपिन थालेका छन्," डा. झाले भने।

उनले गर्मी चढ्दै गएकाले खानपानमा ध्यान दिन, धुँवाको प्रदूषण पनि बढ्न थालेका बाहिर निस्कँदा मास्क लगाउन र स्वस्थ रहने उपायहरु अपनाउन सुझाव दिएका छन्।

# अपहरणकारी गिरोहका नाइके राजेश पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। भारतबाट अपहरण गरी नेपाली भूमिमा आश्रय लिने अपहरणकारीको गिरोहका नाइकेलाई नेपाल प्रहरीले पक्राउ गरेको छ।

भारतीय व्यवसायीको अपहरण गरी नेपाली भूमिमा फिरौती असुल्ने गरेका गिरोहका मुख्य नाइके ४० वर्षीय राजेश भन्ने राजन माझीलाई मधेश प्रदेश प्रहरी र कोशी प्रदेश प्रहरीको संयुक्त टोलीले पक्राउ गरेको छ।

मधेश प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय मोरंग र जिल्ला प्रहरी कार्यालय महोत्तरीको संयुक्त टोलीले आरोपित माझीलाई पक्राउ गरेको छ। बिराटनगरको कञ्चनवारीको खड्का होटेलबाट उनलाई पक्राउ गरिएको मोरंग प्रहरीका प्रहरी नायब उपरीक्षक राजन दाहालले जनाएको छ।

प्रहरी नायब उपरीक्षक दाहालले जनाए अनुसार आरोपित माझी विभिन्न अपराधिक घटनामा संलग्न रहेका छन्। विभिन्न चारवटा चोरी डाकासहितको मुद्दा उनीमाथि अदालतमा चलिरहेको छ भने डाँका मुद्दामा उनलाई तीव्र खोजी कार्य भइरहँदा आरोपित माझीलाई पक्राउ गरी मोरंग जिल्ला अदालतम पेश गरिएको उनले बताए।

महोत्तरी प्रहरीका प्रहरी नायब उपरीक्षक दिलीप गिरिले गत पुस र माघ महिनामा भारत बिहारको सीतामढी जिल्ला स्थित सोनवर्सा बजारका दुईजना व्यवसायीलाई अपहरण



गर्ने मुख्य नाइके राजन रहेको दाबी गरे। फिरौती माग्नेको मोबाइलमा रहेको आवाज उनैको रहेको महोत्तरी प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक गिरिले बताए।

गत माघ १६ गते सोनवर्सा बजारका ईँट्टाभट्टा व्यवसायी ३४ वर्षीय अभिषेक कुमारलाई अपहरण गरेका थिए । उनलाई अपहरणकारीको गिरोहले नेपाल ल्याएर तीन करोड रुपैयाँबाट सुरु गरेको बार्गेनिंग ५० लाख भारतीय रुपैयाँ फिरौती लिएर माघ २६ गते सर्लाहीको संग्रामपुर स्थित नेपाल-भारत सीमावर्ती क्षेत्र तर्फबाट मुक्त गरेको थियो।

त्यस्तै सोनवर्साकै औषधि व्यवसायी कामेश्वर रायलाई मंसिर महिनामा अपहरण गरि नेपाल ल्याएको थियो । अपहरण गरी ल्याएको पाँच दिनपछि ३० लाख

> अपहरणकारीको गिरोहले नेपाल ल्याएर तीन करोड रुपैयाँबाट सुरु गरेको बार्गेनिंग ५० लाख भारतीय रुपैयाँ फिरौती लिएर माघ २६ गते सर्लाहीको संग्रामपुर स्थित नेपाल-भारत सीमावर्ती क्षेत्र तर्फबाट मुक्त गरेको थियो ।

रुपैयाँ भारतीय रुपैयाँ फिरौती लिएर औषधि व्यवसायी रायलार्य अपहरणकारीले महोत्तरीको सम्सी नाकाबाट मुक्त गरेको थियो।

प्रहरी नायब उपरीक्षक गिरीले पक्राउ परेका माझीको बिराटनगरमा समेत केही अपराधिक मुद्दा रहेकाले अहिले उनी मोरंग प्रहरीको हिरासतमा रहेको बताए।

उनले त्यहाँको कारबाही सकिएपछि आरोपित माझीलाई महोत्तरी ल्याएर शरीर बन्धक मुद्दा चलाइने जनाइएको छ । भने उनीमाथि थप अनुसन्धान गर्नुपर्ने देखिएको उनले बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८